# मरिण राजपत्र

**मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित**

**खण्ड ७ मरिण, बैशाख १० गते, २०८१ साल संख्या १**

## भाग २

## मरिण गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अन्तर्गत पशु वधशाला सञ्चालन एवं व्यवस्थापन कार्यविधि, २०८१

**प्रस्तावना**

सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न, मासुमा मिसावट रोक्न, मासुमा हुने स्वस्थता तथा मासुको स्वभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्न र वातावरण संरक्षण गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) मा भएको पशु वधशाला र शीत भण्डारको व्यवस्थापन र नियमन सम्बन्धी प्रावधानको अधिनमा रही मौजुदा पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा पशु वधशाला र मासु जाँच नियमावली, २०५७ र पशु वधशाला र मासु जाँच प्राविधिक कार्यविधि, २०६४ को मर्म र भावना अनुरुप वधशाला स्थापना, संचालन र व्यवस्थापन गरी उपभोक्तालाई स्वच्छ,सफा, गुणस्तरीय मासु उपलब्ध गराउन मरिण गाउँ कार्यपालिकाले देहाय– बमोजिमको कार्यविधि तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(१) यस कार्यविधिको नाम "**मरिण गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अन्तर्गत पशु वधशाला सञ्चालन एवं व्यवस्थापन कार्यविधि,२०८१"** रहनेछ ।

(२) यो कार्यविधि मरिण गाउँपालिकाले तोकेको क्षेत्र वा वधशालामा लागु हुनेछ ।

(३) यो कार्यविधि मरिण गाउँकार्यपालिको राजपत्रमा प्रकाशित गरेको मिति देखि प्रारम्भ हुनेछ ।

### २. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(१) " **ऐन** " भन्नाले पशु वधशाला र मासु जाँच ऐन, २०५५ सम्झनु पर्दछ ।

(२) " **नियमावली** " भन्नाले पशु वधशाला र मासु जाँच नियमावली, २०५७ सम्झनु पर्दछ ।

(३) **"विभाग"** भन्नाले पशु सेवा विभागलाई सम्झनु पर्दछ ।

(४) "**कार्यालय"** भन्नाले पशु सेवा कार्यालय, सिन्धुलीलाई सम्झनु पर्दछ ।

(५) **" गाउँपालिका वा पालिका"** भन्नाले मरिण गाउँपालिका, सिन्धुलीलाई सम्झनु पर्दछ ।

(६) **"वधशाला सञ्चालक"** भन्नाले मासुका लागि राँगा, पाडा वा थारा भैंसी वध गरी मासु बिक्री गर्न वधशाला वा वधस्थल संचालन गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(७) "**मासु निरीक्षक** " भन्नाले भेटेरिनरी साइन्स विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरी नेपाल पशु चिकित्सा परिषदमा दर्ता भएको भेटेरिनरी डाक्टरलाई सम्झनु पदर्छ ।

(८) "**मासु सुपरीवेक्षक** " भन्नाले पशु वधशाला व्यवस्थापन तथा मासु निरीक्षकको कामको सुपरीवेक्षण गर्नको लागि पशु चिकित्सा विषयमा कम्तिमा स्नातकोपाधि हासिल गरेको कुनै कर्मचारीलाई नेपाल सरकारले तोकेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(९) "**पशु**" भन्नाले ऐनको दफा २ को (क) मा उल्लेख गरिएका मासुको लागि योग्य देखिएको जनावर मध्ये राँगा, पाडा वा थारा भैंसीलाई सम्झनु पर्दछ । यस कार्यविधिमा पशु शव्दले राँगा, पाडा वा थारा भैंसीलाई मात्र जनाउदछ ।

(१०) **"पशु वधशाला वा वधशाला वा वधस्थल"** भन्नाले मासुका लागि राँगा, पाडा वा थारो भैंसी वध गर्नका लागि निर्माण गरिएको आधुनिक संरचना वा घर वा ठाउँलाई सम्झनु पर्दछ । यस कार्यविधिको प्रयोजनका लागि पशु वधशाला वा वधशाला वा वधस्थलले एकै अर्थ राख्दछ ।

**(११)** "**मासु"** भन्नाले मानिसले खान योग्य पशुको मासु सम्झनु पर्दछ ।

(१२) "**मासु बिक्रेता"** भन्नाले व्यवसायिक रुपले मासु बिक्री गर्ने व्यक्ति सम्झनु पर्दछ ।

(१३) **"मासु पसल"** भन्नाले तोकिएको मापदण्डको अधिनमा रही संचालन गरिएको वधशालाबाट उत्पादित मासुलाई बिक्री गर्ने पसल सम्झनु पर्दछ ।

(१४) "**लाएरेज"** भन्नाले वधशालामा पानी मात्र दिई वध गर्नु अघि पशुलाई राख्ने टहरो वा गोठलाई सम्झनु पर्दछ ।

(१५) **"कार्यविधि"** भन्नाले मरिण गाउँपालिकाको "**मरिण गाउँपालिकामा सार्वजनिक निजी साझेदारी अन्तर्गत पशु वधशाला सञ्चालन एवं व्यवस्थापन कार्यविधि,२०८१" लाई** सम्झनु पर्दछ ।

(१६) **"निजी क्षेत्र"** भन्नाले प्रचलित कानून अनुसार सञ्चालित नाफामुलक फर्म, कम्पनी वा

व्यक्तिलाई सम्झनु पर्दछ ।

(१७) **"इजाजतपत्र"** भन्नाले ऐनको  दफा ४ र ५ बमोजिमको प्रकृया पूरा गरी वधशाला स्थापना र सञ्चालन गर्न वधशाला संचालककलाई तोकिएको अधिकारीबाट  तोकिएको ढाँचामा दिएको पत्रलाई सम्झनु पर्दछ ।

(१८) **"उपभोक्ता"** भन्नाले वधशालाबाट उत्पादित वस्तुको उपभोग गर्ने व्यक्ति, संस्था लगायत उपभोक्ता हित संरक्षण मञ्च वा संगठनका प्रतिनिधिलाई समेत सम्झनु पर्दछ ।

(१९) **"साझेदार"** भन्नाले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मरिण गाउँपालिकासंग सहकार्य गर्ने संस्था, कम्पनी वा व्यक्तिलाई सम्झनु पर्दछ ।

(२०) **"आशयपत्र वा मनसायपत्र"** भन्नाले कुनै व्यक्ति, संस्था, फर्म वा कम्पनीले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि चाहेको भनी मरिण गाउँपालिकामा रित पूर्वक दिएको आवेदन पत्रलाई सम्झनु पर्दछ ।

(२१) **"प्रस्ताव वा पूर्ण प्रस्ताव"** भन्नाले कुनै व्यक्ति, संस्था, फर्म वा कम्पनीले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मरिण गाउँपालिकामा पेश गरेको प्राविधिक, वातावरणीय र आर्थिक पक्ष समेटिएको योजनाको  विवरण सहितको कागजातलाई सम्झनु पर्दछ । यस कार्यविधिमा प्रस्ताव वा पूर्ण प्रस्तावले एकै अर्थ राख्दछ ।

(२२) **"आवेदक"** भन्नाले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मरिण गाउँपालिकामा प्राविधिक, वातावरणीय र आर्थिक पक्ष समेटिएको योजनाको  विवरण सहितको कागजात पेश गर्ने व्यक्ति, संस्था, फर्म वा कम्पनीलाई सम्झनु पर्दछ ।

(२३) **"सम्झौतापत्र"** भन्नाले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि मरिण गाउँपालिका र साझेदार संस्था, व्यक्ति, फर्म वा कम्पनी बीच गरेको करारनामा पत्रलाई सम्झनु पर्दछ ।

(२४) **"मूल्याङ्कनकर्ता"** भन्नाले बुँदा नम्बर (२२) बमोजिम आवेदकले पेश गरेका प्राविधिक, वातावरणीय वा आर्थिक पक्ष समेटिएको योजनाको विवरण सहितको कागजातको मूल्याङ्कन गर्ने व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ ।

(२५) **"अनुगमन तथा मूल्याङ्कन समिति"** भन्नाले वधशाला सञ्चालन तथा व्यवस्थापनको अवस्था, संचालन प्रकृया सम्बन्धी प्राविधिक र व्यवस्थापकीय पक्षहरुको स्थलगत अध्ययन गरी व्यवस्थापकलाई आवश्यक सुझाव, सल्लाह, निर्देशन दिन र सो कार्यको सम्बन्धमा भए गरेका वा भेटिएका कमी कमजोरीको विवरण तयार गरी पालिकाका अध्यक्ष समक्ष पेश गर्ने उद्येश्यले मरिण गाउँपालिकाले गठन गरेको टोली वा समूहलाई सम्झनु पर्दछ ।

(२६) **"योजना"** भन्नाले कुनै निश्चित समयावधि तोकी कुनै साझेदार संस्था, व्यक्ति, फर्म वा कम्पनीले संचालन गर्न लागेको वा गरेको कार्य वा कार्यक्रमलाई सम्झनु पर्दछ ।

(२७) **"साझेदारी"** भन्नाले यस कार्यविधि बमोजिम मरिण गाउँपालिकाले सार्वजनिक-निजी साझेदारी योजना कार्यान्वयन गर्नको लागि सहमतिपत्र वा सम्झौतापत्रमा हस्ताक्षर गरिएका पक्षहरुलाई सम्झनु पर्दछ ।

(२८) **"मिनीवधशाला"** भन्नाले पशु वधशाला वा वधस्थल भन्ने सम्झनुपर्दछ । यस कार्यविधिमा प्रयुक्त पशु वधशाला वा वधस्थल भन्ने शव्दले मिनीवधशालालाई जनाउनेछ ।

**३. कार्यविधिको उद्देश्य**

यस कार्यविधिको उद्देश्य निम्नबमोजिम हुनेछ :–

(१) सिन्धुली जिल्लाको मरिण गाउँपालिकामा तयार गरिएको मिनीवधशालालाई सार्वजनिक–निजी साझेदारीको मोडलमा सञ्चालनमा ल्याई मरिण गाउँपालिका,सिन्धुली जिल्ला र आसपासका जिल्लाका जनतालाई स्वच्छ, सफा, शुद्ध र सुरक्षित राँगा, पाडा वा थारा भैंसीको मासु उपलब्ध गराउने । यस वधशाला सञ्चालनको अनुभवको आधारमा आवश्यक संरचना तयार गरी अन्य किसिमका पशुका लागि समेत पशु वधशाला निर्माण गरी स्वच्छ, सफा, शुद्ध र सुरक्षित मासु उपलब्ध गराउने ।

(२) वध गरिएको राँगा,पाडा वा थारा भैंसीबाट उत्पन्न हुने मासुजन्य अखाद्य वस्तुहरुबाट हुने वा भैरहेको वातावरण प्रदुषणलाई नियन्त्रण गरी वातावरण सफा राख्ने ।

(३) राँगा, पाडा वा थारो भैंसी जातिका पशुमा लाग्नसक्ने आर्थिक रुपले महत्वपूर्ण रोग वा राँगा भैंसीबाट मानिसमा सर्नसक्ने रोगको पहिचान गरी तत्काल सो रोग नियन्त्रण गर्न सम्बन्धित निकायलाई समयमा नै खबर गर्ने ।

## परिच्छेद – २

## ४. सरोकारवाला निकायको जिम्मेवारी

**क. संघ /प्रदेश सरकारको जिम्मेवारी:**

सम्बन्धित गाउँपालिकाको अनुरोधमा मासु निरीक्षकलाई तालिम दिने र मासु सुपरीवेक्षक तोकिदिने ।

**ख. विभागको जिम्मेवारी:**

(१) गैरसरकारी क्षेत्रमा पशु वधशाला संचालन गर्न नियमावलीको नियम ३ बमोजिम प्राप्त भएको निवेदन र कागजातहरु अध्ययन गरी प्राविधिक परामर्श सहित संपूर्ण कागजात सम्बन्धित कार्यालयमा फिर्ता पठाइदिने ।

(२) मासु निरीक्षक र मासु सुपरीवेक्षकलाई मासु  जाँच सम्बन्धीक तालिमको व्यवस्था गर्ने ।

**ग. स्थानीय प्रशासन प्रहरीको जिम्मेवारी :**

(१) स्थानीय प्रशासन प्रहरीले पशु वधशाला सञ्चालन गर्नका लागि आवश्यक शान्ति सुरक्षा कायम राख्न सहयोग गर्ने ।

(२) कुनै व्यक्ति वा संस्थाले पशु वधशाला सञ्चालन गर्नका लागि अवरोध गरेमा वा अवरोध गर्ने प्रयास गरेमा त्यस्ता व्यक्ति वा संस्थालाई प्रचलित कानून बमोजिम कारवाही गर्ने ।

**घ. स्थानीय उद्योग वाणिज्य संघको  जिम्मेवारी:**

(१) पशु वधशाला सञ्चालनको अवस्था बारे अध्ययन गर्न, परिआएका समस्या समाधान गर्न र पशु वधशाला सञ्चालन गर्नका लागि गाउँपालिकाले गठन गर्ने अनुगमन तथा मूल्याङ्कन समितिमा प्रतिनिधित्व गर्न संघको तर्फबाट एक जना प्रतिनिधि खटाउनेछ ।

(२) माथि बुँदा नम्बर (१) बमोजिम खटिएको प्रतिनिधिले अनुगमन तथा मूल्याङ्कन समितिले गर्ने हरेक  कार्यमा पूर्ण रुपले सहयोग गर्नु पर्नेछ ।

**ङ गाउँपालिकाको जिम्मेवारी** :

(१) गाउँपालिकाले आफ्नै श्रोत साधनबाट पशु वधशाला स्थापना गरी सञ्चालन गर्न चाहेमा ऐन र नियमावलीमा भएको प्रावधान पूरा गरी पशु वधशाला स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) पशु वधशाला सञ्चालन गर्नु अघि गाउँपालिकाले कार्यालयको सम्वन्धित शाखामा वधशाला दर्ता गर्नु गर्नेछ ।

(३) गाउँपालिकाले सुपरीवेक्षक तोकिदिनका लागि संघ वा सम्बन्धित प्रदेश सरकारलाई अनुरोध गरी मासु सुपरीवेक्षकको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) कुनै वधशाला सञ्चालकले मासु निरीक्षणका लागि मासु निरीक्षक नियुक्त गरी मासु निरीक्षण गर्न लगाउन नसक्ने अवस्था भएमा गाउँपालिकाले मासु निरीक्षणका लागि मासु निरीक्षक नियुक्त गरी वा करारमा राखी मासु निरीक्षण गर्न लगाउन सक्नेछ । यसरी सञ्चालन गर्न लागेको वधशालाको लागि आवश्यक पर्ने मासु निरीक्षकको छनोट तथा नियुक्ति गाउँपालिकालले गर्नु पर्नेछ ।

(५) कुनै गैर सरकारी संघ संस्था वा निजी कम्पनी वा व्यक्तिले वधशाला स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न चाहेमा गाउँपालिकाले सो वधशाला स्थापना गर्न आवश्यक पर्ने जग्गा उपलव्ध गराउन सक्नेछ वा जग्गा उपलव्ध गराउन  सहयोग गर्नु पर्नेछ र दर्तावाल पशु चिकित्सकको सिफारिसमा प्रकिया पु-याइ पशु वधशाला स्थापना गर्न अनुमति दिन, वधशाला दर्ता गर्न र इजाजतपत्र दिलाउन सहयोग गर्न सक्नेछ । इजाजतपत्रको अवधि पहिलो पटकको लागी ५ (पाँच) वर्षका लागि र त्यसपछि दुई दुई वर्षको हुनेछ । यसरी गैर सरकारी संघ, संस्था वा निजी कम्पनी वा व्यक्तिलाई वधशाला स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न दिंदा करारनामा गरी दिनु पर्नेछ ।

(६) वधशाला अनुगमन तथा मूल्याङ्कन समितिले वर्षमा कम्तिमा २ पटक वधशालाको प्राविधिक

तथा व्यवस्थापकीय पक्षको अनुगमन, मूल्याङ्कन गरी सोको प्रतिवेदन गाउँपालिकामा बुझाउनु पर्नेछ । वधशाला अनुगमन तथा मूल्याङ्कनको फारामको नमूना अनुसूची–१ मा दिइएको छ ।

(७) वधशाला अनुगमन तथा मूल्याङ्कन समितिको  प्रतिवेदनमा वधशाला सञ्चालनमा केही कमी कमजोरी भएको पाइएमा गाउँपालिका प्रमुखले सो कमी कमजोरी सुधार्न वधशाला सञ्चालकलाई समय सिमा तोकी लिखित रुपमा निर्देशन दिनु पर्नेछ, ।

(८) बुँदा नंम्बर (७) बमोजिम दिएको निर्देशन नमान्ने वा यो कार्यविधिको उल्लङ्घन गर्ने पशु वधशाला सञ्चालकलाई सम्बन्धित गाउँपालिकाले प्रचलित कानून बमोजिम कारवाही गर्न सक्नेछ । लिखित रुपमा दिएको निर्देशन ३ (तीन पटक) नमान्ने वा यो कार्यविधिको ३ (तीन

पटक) उल्लङ्घन गर्ने पशु वधशाला सञ्चालकलाई गाउँपालिकाले विना शर्त हटाउँन सक्नेछ  वा

निजसंग गरेको सम्झौता रद्द गर्न सक्नेछ ।

**च. मासु निरीक्षकको काम कर्तव्य र अधिकारः**

ऐनको दफा ६ ले तोकेको शैक्षिक योग्यता भएको व्यक्तिले मासु निरीक्षक भई काम गर्नको लागि विभागवाट अनुमतिपत्र प्राप्त गर्नुपर्नेछ । यसरी अनुमतिपत्र प्राप्त गर्ने मासु निरीक्षकको

ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरीक्त अन्य काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(१) काम, कर्तव्य र अधिकारः

(क) पशु वधशाला सञ्चालनको लागि निर्धारित समयमा उपस्थित रहने,

(ख) राँगा, पाडा वा थारा भैंसी वध गरिनु अघि जाँच (एन्टिमोर्टम इक्जामिनेशन) गर्ने,

(ग) राँगा, पाडा वा भैंसीको वध गरिसके पछि मासुको निरीक्षण तथा जाँच गर्ने,

(घ) मासुमा खान अयोग्य वा रोगी भाग वा अङ्ग भेटिएमा त्यस्तो भाग वा अङ्ग हटाउने वा हटाउन लगाउने,

(ङ) मासुमा नियमावलीको नियम १५मा उल्लेख गरे बमोजिम छापको नमूना प्रयोग गरी छाप लगाउने ।

(च) मासु बिक्री गर्ने पसल तथा मासु ओसार पसार गर्ने साधनको निरीक्षण गर्ने,

(छ) वध गरिएका राँगा,पाडा वा भैंसीहरुको विवरण निर्धारित ढाँचामा राख्ने,

(ज) पशु वधशालाको सरसफाई तथा निःसंक्रमण कार्य गरे नगरेको हरेक दिन निरीक्षण गर्ने,

(झ) शंकास्पद देखी छुट्याइएको मासु तुरुन्त परीक्षण गरी उपभोगका लागि योग्य छ वा छैन निश्चित गर्ने,

(ञ) उपभोगका लागि योग्य नदेखिएको मासु र अन्य खेर जाने मासुजन्य वस्तुहरु उपयुक्त तरिकाले तह लगाउन वा नष्ट गर्न लगाउने,

(ट) प्रत्येक महिनाको अन्त्यमा आफुले थाहा पाएको इपिडिमियोलोजी सम्बन्धी प्रतिवेदन सम्बन्धित सुपरीवेक्षक समक्ष पेश गर्ने,

(ठ) यस कार्यविधि बमोजिम वधशाला सञ्चालक र मासु बिक्रेताले पालना गर्नु पर्ने शर्तहरु पालना नगरेमा त्यस्तो वधशाला तथा मासु पसलको सञ्चालकलाई कारवाही गर्न सिफारीस गर्ने,

(ड) राँगा, पाडा वा भैंसी वध गरिनु अघि जाँच गरेको र पशु वध गरिसकेपछि खान योग्य नदेखिएको मासु र अन्य खेर जाने वस्तुहरुको रेकर्ड दैनिक रुपमा राख्नु पर्ने,

(ढ) वध गर्नका लागि ल्याइएका राँगा,पाडा वा भैंसीलाई वधशालाको मूल ढोकामा नै चेक जाँच गरी स्वस्थ देखिएका पशुलाई मात्र आराम कक्षमा पठाउने,

(ण) मासु निरीक्षकले मासु जाँच गरिसकेपछि मानिसको उपभोगको लागि उपयुक्त मासुको किसिम समेत स्पष्ट हुने गरी वध गरिएका पशुको घाँटिदेखि तिघ्रासम्मको मासुमा नियमावलीको नियम १५ अनुसूची १०मा तोकिएको छाप वा चिन्ह लगाउनु पर्नेछ ।

(ट) मासु निरीक्षकले राँगा, पाडा वा थारा भैंसी वध गर्नु अघि जाँच गरेको पशुको विवरण अनुसूची –२ र ३ मा र वध पछिको जनावर वा मासु जाँच गरेको विवरण राख्ने नमूना अनुसूची –४ मा दिइएकोछ ।

(२) मासु निरीक्षकले आफ्नो कामको लागि आवश्यक पर्ने सामग्री, उपकरण तथा औजार आफुसंगै राख्नु पर्नेछ र काम सकिए पछि पनि आफूले नै उपयुक्त स्थानमा राख्नु पर्नेछ ।

(३) मासु सुपरीवेक्षकले लगाए अह्राएका अन्य काम गर्ने ।

(४) राँगा,पाडा वा थारा भैंसी वध गर्नु पूर्व जाँच गर्ने कार्यविधि नियमावलीको अनुसूची ५ बमोजिम र राँगा, पाडा वा भैंसी वध पछि मासुको परीक्षणको कार्यविधि नियमावलीको अनुसूची ६ बमोजिम हुनेछ । सोही अनुसार गर्न परीक्षणको कार्यविधि अनुसूची– ५ र ६ मा दिइएको छ ।

(५) ढुवानीको क्रममा किचिएर खुट्टा भाँचिएको, किचिएर नराम्ररी घाइते भै पीढामा भएको, शीताङ्ग ज्वरो आई उपचारबाट फाइदा हुन नसकेको राँगा, पाडा वा थारा भैंसीलाई आपदकालिन वध गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(६) कुनै संक्रामक रोगको लक्षण नदेखिएको तर संक्रामक रोगको शंका लागेको राँगा,पाडा वा भैंसीलाई मासु निरीक्षकले आफ्नो निग्रानीमा त्यस दिनको अन्तिम पशुको रुपमा वध गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

(७) प्रचलित कानून बमोजिम निषेध गरिएको दिनमा राँगा,पाडा वा थारा भैंसी वध गर्न अनुमति दिन पाइने छैन ।

छ. **कार्यालय र मासु सुपरीवेक्षकको काम कर्तव्य र अधिकारः**

(१) मासु सुपरीवेक्षकको नियुक्ति वा तोक्ने कार्य नेपाल सरकारले गर्नेछ ।

(२) ऐनमा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त मासु सुपरीवेक्षकको अन्य काम, कर्तव्य र अधिकार नियमावलीको नियम १२ बमोजिम देहायबमोजिम हुनेछ::–

(क) समय समयमा पशु वधशालाको तथा पशु वधस्थानको निरीक्षण गरी आवश्यकता अनुसार निर्देशन दिने,

(ख) मासु जाँच सम्बन्धी कार्य, सरसफाई तथा निःसंक्रमण सम्बन्धी काम उपयुक्त तरिकावाट भए नभएको सुपरीवेक्षण गर्ने,

(ग) मासु निरीक्षकलाई आवश्यक प्राविधिक राय, सुझाव तथा निर्देशन दिने,

(घ) मासु विक्री गर्ने स्थल तथा ढुवानीको साधनको सुपरीवेक्षण गर्ने,

(ङ) पशु वधशाला वा मासु विक्री गर्ने स्थलको सुपरीवेक्षणको क्रममा कुनै कुरा पशु वधशाला ऐन, नियमावली तथा यस कार्यविधि अनुरुप सञ्चालन भएको नपाईएमा सोको सञ्चालन बन्द गराई ईजाजत पत्र दिने निकायलाई सो सम्बन्धी जानकारी गराउने,

(च) मासु निरीक्षकले ऐन र यस नियमावली बमोजिम सम्पन्न गर्नु पर्ने कार्य नगरेको पाईएमा मनासिव माफिकको कारण सहित निजको ईजाजतपत्र रद्द गर्न सम्बन्धित निकाय समक्ष सिफारीस गर्ने,

(छ) नेपाल सरकारले समय समयमा निर्देशन गरेका अन्य कार्य गर्ने ।

(ज) मासु निरीक्षक विरामी परेमा वा कुनै कारणले वधशालामा उपस्थित हुन नसक्ने भएमा मासु

निरीक्षक काममा फर्कि नआएसम्म कार्यालयमा कार्यरत मासु जाँच सम्बन्धी तालिम प्राप्त

नेपाल पशु चिकित्सा परिषदमा नाम दर्ता भएको कुनै पशुचिकित्सकले मासु जाँच गरिदिन सक्नेछन् ।

**ज. वधशाला वरपरका छिमेकी वा व्यक्ति वा उपभोक्ताको जिम्मेवारी :**

(१) वधशालामा स्वच्छ मासु उत्पादन गरी बिक्री बितरण गर्न वधशाला सञ्चालकलाई सहयोग गर्नु वधशाला वरपरका छिमेकी वा व्यक्ति वा उपभोक्ताको कर्तव्य हुनेछ ।

(२) वधशालाले गरिआएको कार्य मध्ये कुनै कार्य चित्त नबुझेमा वा मासुको गुणस्तरमा शंका लागेमा सो बारेमा वधशाला संचालक वा मासु बिक्रेतालाई मौखिक वा लिखित रुपमा जानकारी गराउने ।

(३) लिखित रुपमा गुनासो पेश गर्दा चित्त नबुझेको विषयवस्तु स्पष्ट रुपमा खोली वधशाला बाहिर राखिएको गुनासो पेटिकामा हाल्न वा सिधै वधशाला सञ्चालकलाई दिन सकिनेछ ।

(४) लिखित रुपमा गुनासो पेश गर्दा सोको कुनै सुनुवाई नभएको वा वधशालामा पटक पटक कुनै अवाञ्छित गतिविधि भैरहेको जानकारी हुन आएमा सोको जानकारी अनुगमन तथा मूल्याङ्कन समिति र स्थानीय प्रहरीलाई दिने ।

**झ. वधशालामा कार्यरत कामदारको काम, कर्तव्यः**

(क) आफूलाई काममा लगाइएको वधशालाको ठाउँ वा क्षेत्र बाहेक आफू खुशी अन्यत्र क्षेत्रमा गई काम नगर्ने,

(ख) तोकिएको पोशाक बाहेक अन्य पोशाक लगाएर वधशालाभित्र प्रवेश नगर्ने,

(ग) क्षयरोग तथा अन्य यस्तै सङ्क्रामक रोग लागेका कामदार वधशालाभित्र प्रवेश नगर्ने वा कार्य नगर्ने ,

(घ) वधशालाभित्र प्रवेश गर्नु भन्दा पहिले अनिवार्य रुपमा स्नान गरी तोकिएको पोशाक लगाउने,

(ङ) वधशालाभित्र पान, सुर्ती, धुम्रपान तथा अन्य पेय पदार्थ सेवन नगर्ने ,

(च) वधशालाभित्र काम गरिरहेको समयमा अति आवश्यक बाहेक कुनै कुरा नगर्ने,

(छ) वधशालाभित्र काम गरिरहेको अवस्थामा कुनै समस्या परेमा वधशाला सञ्चालकलाई तुरुन्त खबर गर्ने,

(ज) प्रत्येक ६ महिनामा स्वास्थ्य परिक्षण गराई निरोगिताको प्रमाणपत्र सञ्चालक समक्ष पेश गर्ने,

(झ) कुनै कारणवश आफू काममा आउन नसक्ने भएमा सो बारे एक दिन अगाडि नै वधशाला सञ्चालकलाई खबर गर्ने । तर अपर्झट रुपमा आफू काममा आउन नसक्ने भएमा सोही व्यहोरा जनाई वधशाला सञ्चालकलाई तुरुन्त खबर गर्ने,

(ञ) वधशालामा प्रयोग गरेको कपडा, औजार, काट्ने हतियार रोगी पशुको मासुमा प्रयोग भएको भए लुगा धुने सोडा राखिएको पानीमा आधा घण्टासम्म उमालेर मात्र पूनः प्रयोग गर्ने ।

(ट) वधशालाभित्र काम गर्दा कुनै समस्या आएको भए त्यस दिनको कार्य सम्पन्न भएपछि एक कोठामा जम्मा भै समस्या बारे छलफल गर्ने ।

**ञ. पशु वा राँगा भैंसी सप्लाई गर्ने फर्म वा व्यक्तिको काम कर्तव्यः**

(१) पशु खरीद गर्दा विश्वसनीय बजारबाट स्वस्थ राँगा,पाडा वा थारा भैंसी मात्र खरीद गर्नु पर्नेछ ।

(२) ढुवानीकर्ताले पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३ बमोजिम गरी राँगा, पाडा वा भैंसी ढुवानी गरी ल्याउनु पर्नेछ ।

(३) विदेशबाट राँगा भैंसी ल्याइएको भए पशु क्वारेन्टिन प्रमाणपत्र र स्वदेशको उत्पादन भए स्वास्थ्य प्रमाणपत्र पशुकासाथ ढुवानी गर्ने साधनमा हुनु पर्नेछ ।

**ट. वधशाला सञ्चालकको काम, कर्तव्य र उत्तरदायीत्व /जिम्मेवारीः**

वधशाला सञ्चालकले मौजुदा पशु वधशाला र मासु जाँच ऐन, २०५५ तथा पशु वधशाला र मासु जाँच नियमावली, २०५७ को मर्म र भावना अनुरुप तथा यस कार्यविधिमा उल्लेख भएबमोजिम पशु वधशाला सञ्चालन,व्यवस्थापन तथा मासु बिक्री वितरण गर्ने व्यवस्था मिलाउनु पर्नेछ । साथै वधशाला सञ्चालकले पशु वधशाला र मासु जाँच प्राविधिक कार्यविधि, २०६४ को समेतको पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३

### ५. पशु वधशाला सञ्चालन तथा व्यवस्थापन प्रकृया

गैर सरकारी संघ, संस्था, कम्पनी, फर्म वा व्यक्तिले वधशाला स्थापना, सञ्चालन वा व्यवस्थापन गर्दा वधशाला सञ्चालक वा व्यवस्थापकले निम्नबमोजिमका कार्यहरु गर्नु पर्नेछ :–

**क. इजाजत लिनु पर्ने :**

(१) कुनै गैर सरकारी संघ संस्थाले वधशाला स्थापना गरी सञ्चालन तथा व्यवस्थापन गर्न चाहेमा सम्बन्धित पालिकामा आवेदन दिई इजाजत लिनु पर्नेछ ।

(२) इजाजतपत्र लिन चाहने संघ संस्था वा व्यक्तिले वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न इजाजतपत्रको लागि पालिकामा आवेदन दिनु पर्नेछ ।

(३) यसरी बुँदा नम्बर (२) बमोजिम पर्न आएको निवेदन उपर प्राविधिक तथा व्यवस्थापकीय हिसावले छानविन गरी उपयुक्त ठहरिएमा आवेदकलाई वधशाला संचालन गर्न निर्धारित ढाँचामा इजाजतपत्र दिनु पर्नेछ । इजाजतपत्रको लागि दिने निवेदन र पालिकाले दिने इजाजतपत्रको ढाँचा नियमावलीको अनुसूची १ र २ बमोजिम हुनेछ ।

**ख. पशु बधशालाको लागि संरचना :**

पशु बधशालाको स्थापना गरी राँगा,पाडा वा थारो भैंसीको वधशाला सञ्चालन गर्न देहायबमोजिमको संरचना हुनुपर्नेछ :-

वधशालामा राँगा,पाडा, भैंसीलाई ढुवानीको साधनबाट झार्ने ठाउ, आराम स्थल,. वध गर्न ल्याइएका पशुको वध पूर्व स्वास्थ्य परीक्षण गर्ने स्थल (लाएरेज), स्वास्थ्य परीक्षण गरी बध गर्न योग्य पशु राख्ने स्थान, बिरामी पशु राख्ने अलग्ग स्थान, पशु वध गर्नुभन्दा अघि बेहोस बनाउने (स्टनीङ) गर्ने स्थल, बध गरेपछि रगत निथोर्ने (ब्लिडिङ) स्थान, छाला काढ्ने, मासु सफा गर्ने तथा आन्द्रा भुँडी तह लगाउने र सफा गर्ने छुट्टा छुट्टै स्थान, पशु वध गरे पछि मासु निरीक्षकले मासु जाँच (पोष्ट मार्टम इक्जामिनेशन) गर्ने स्थल, खान अयोग्य मासु (कन्डेम्ड मीट) तह लगाउने स्थान, मासु चिसो राख्ने ( चिलिङ्ग) इकाई हुनुपर्नेछ ।

**ग. वधशालाको गुणस्तर संबन्धी व्यबस्थाः**

(१) वधशालाको हल वा कोठाको भूइँ पानी नसोस्ने, हानिकारक तत्व रहित, सफा गर्न सजिलो र सजिलैसंग निःसंक्रमण गर्न सकिने किसिमको हुनुपर्छ ।

(२) वधशालाको भित्ता पक्का खालको र सजिलैसंग सफा गर्न सकिने र कामगर्न यथेष्ठ लम्बाई, उचाई भएको र भित्तामा हल्का रंग पोतेको हुनुपर्नेछ र भित्ता र भूंईको कुनाहरु फोहोर नजम्ने गरी बनाईएको हुनुपर्छ । बधशालाको भित्ता र सिलिङ सेतो रंगको हुनु पर्छ र भूईंदेखि कम्तिमा २ मिटरको उचाइसम्म सजिलै सफागर्न सकिने हुनुपर्छ ।

(३) वधशालाका हल वा कोठाको सिलिङ्गःमा धुलोमैलो नजम्ने र बाफ नपर्ने खालको हुनुपर्नेछ ।
(४) वधशालाको मासु निरीक्षण गर्ने स्थानमा पर्याप्त मात्रामा प्रकाशको व्यबस्था हुनु पर्दछ ।
(५) बधशालाका भवनमा तातो हावा निकास गर्ने पंखा जडान गरिनु पर्छ ।
(६) पशु बधशाला भित्र काम गर्ने कोठाहरुमा आवश्यक मात्रामा प्रकाश र स्वच्छ हावा आउने गरी व्यवस्था मिलाइएको हुनु पर्दछ ।

**घ. वधशालामा पानीको व्यबस्थाः**

(१) वधशालामा आवश्यक मात्रामा चिसो र तातो पानीको व्यवस्था गरिएको हुनु पर्दछ । वधशालामा प्रति राँगा/ भैंसीको लागि करिव १००० देखि ११०० लिटरका दरले पानीको व्यवस्था मिलाउनु पर्दछ ।
(२) वधशालामा प्रयोग गर्ने पानी पिउन योग्य हुनुपर्नेछ ।
(३) पानीलाई क्लोरिन प्रयोग वा फिल्टर वा अन्य कुनै प्रविधि प्रयोग गरी शुघ्दीकरण गर्न सकिनेछ । प्रयोग गरिने पानीमा हुनुपर्ने क्लोरिनको मात्रा अनुसुची – १३ मा दिइएको छ ।

(४) वधशालाको ठाउँ ठाउँमा हात धुनको लागि पिउन योग्य पानी र हात धुने बेसिनको व्यबस्था गर्नुपर्दछ ।
(५) बधशालामा काम गर्ने व्यक्तिले प्रयोग गर्ने,नुहाउने पानी प्रसस्त हुनका साथै पिउन योग्य हुनुपर्नेछ ।

**ङ. वधशालामा जैविक सुरक्षाः**

(१) वधशालाको वरिपरि पर्खाल लगाएको हुनु पर्नेछ । परिसरको मुख्य प्रवेश द्धार (गाडी आवत जावत गर्न सक्ने) एउटा मात्रै हुनु पर्नेछ तर वधशालामा आकस्मिक अवस्थामा कर्मचारी बाहिर निस्कन अर्को ढोका पछाडि राख्ने व्यवस्था गर्नु पर्नेछ ।
(२) बधशाला परिसरको मुख्य ढोकामा गाडीको चक्का धुने (Wheel bath) ठाउँको व्यबस्था गरी निःसंक्रमण घोलले भरेर प्रवेश गर्ने गाडीको चक्का उक्त घोलले निःसंक्रमण गरेर मात्र छिराइनु पर्छ । वधशालाको ढोका आवश्यक परेको समयमा बाहेक अन्य समयमा बन्द राखिएको हुनु पर्नेछ ।
(३) वधशाला भित्र जङ्गली चरा, जङ्गली जनावर तथा घरपालुवा जनावर, किरा, फट्याङग्रा, मुसा प्रवेश गर्न नसक्ने हुनु पर्नेछ र वधशालमा झिङ्गा नियन्त्रण गर्ने व्यवस्था हुनु पर्नेछ । बध गर्न

ल्याइएका पशुहरु बाहेक अन्य कुनै पनि जातका पशु प्रवेश गर्न नसक्ने गरी निर्माण गरिएको हुनु पर्नेछ ।

(४) वधशालाका सबै उपकरण तथा औजारहरुलाई सफा गर्ने तथा उचित तरिकाले निःसंक्रमण गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(५) वधशाला धुलो, दुर्गन्ध, आवाज प्रदुषण र अन्य किसिमका फोहरबाट मुक्त हुनु पर्नेछ र ढलको राम्रो व्यवस्था हुनु पर्नेछ । वधशालाको वरिपरि पानी जम्ने ठाउँ हुनु हुदैन ।

(६) वधशालाबाट निस्कने फोहर, लादी तथा मासुका साना टुक्रा,छाला, रौं, हड्डी आदि जस्ता चीज नष्ट गर्ने वा उपयुक्त तरिकाले गाड्ने वा तह लगाउने ठाउँको व्यवस्था हनु पर्नेछ ।

(७) वधशालाबाट निस्किएको फोहोर पानी पुनः प्रयोग गर्नु हुदैन ।

(८) अफिस, भण्डार, ग्यारेज, क्यान्टिन जस्ता संरचना मुख्य वधशालाबाट केही टाढा र अलग हुनु पर्नेछ ।

(९) वधशालामा प्रयोग गरिने सबै सामग्रीहरु खिया नलाग्ने, चिल्लो सतह भएको, पानी नसोस्ने, सजिलैसंग सफा गर्न सकिने र निःसंकमण गर्दा प्रयोग गरिने रसायनले कुनै असर नपार्ने खालको हुनु पर्नेछ ।

(१०) प्रयोग नहुंदा मासु काट्ने अचानो, छुरी वा मासु काट्न प्रयोग गरिने साधन तथा टेवुल सफा गरेर सफा कपडाले छोपेर राख्नु पर्नेछ ।

(११) चर्पी वा पिसाव गर्ने ठाउँ मासुको काम गर्ने ठाउँबाट टाढा हुनु पर्दछ । चर्पी र पिसाव गर्ने ठाउँको पानी अलग पाइपबाट अलग ट्याँकीमा जम्मा हुने व्यबस्था गर्नु पर्दछ ।

(१२) दिसा पिसाव गरेपछि अनिवार्य रुपमा सावुनपानीले हात धुनु पर्दछ ।

(१३) चर्पी वा पिसाव गर्ने ठाउँ र नुहाउने कक्ष फरक फरक हुनु पर्दछ ।

(१४) हातधुने र खुट्टा धुने ठाउँको पानी तुरुन्त बग्ने गरी बनाउनु पर्दछ ।

(१५) वधशालामा कम्तिमा सफा क्षेत्र र फोहर क्षेत्र छुट्टिने गरी बीचमा पर्खाल वा खण्डिकरण गरिएको हुनु पर्दछ ।

**च. वधशालामा आगन्तुक र कर्मचारीहरुको सरसफाईको लागि व्यवस्थाः**

(१) वधशालामा आगन्तुकको अनावश्यक प्रवेश निषेध गरिएको हुनु पर्नेछ ।

(२) वधशालामा कपडा बदल्ने(Change room), आगन्तुक वा कर्मचारीहरुको व्यक्तिगत सामान राख्ने ठाउँ /लकर (Locker) को व्यवस्था हुनका साथै सफा टोपी, मास्क, एप्रोन र जुत्ता सबै आगन्तुक र कर्मचारीलाई छुट्टा छुट्टै प्रदान गर्नु पर्नेछ । कसैले पनि टोपी, मास्क, एप्रोन र जुत्ता नलगाई वधशाला वा वधस्थलमा प्रवेश गर्नु हुँदैन ।

(३) वधशाला वा वधस्थलको मूल गेटमा आगन्तुक र कर्मचारीको लागि फुटबाथ (Foot bath) को व्यवस्था हुनु पर्नेछ । त्यस्तो फुटबाथलाई आवश्यकता अनुसार दिनमा दुई वा तीन पटक बदल्नु पर्दछ ।

(४) आगन्तुक व्यक्तिहरुलाई मासु तथा मासुबाट उत्पादित वस्तुसंग सोझै सम्पर्कमा आउन दिनु हुदैन । तर आधिकारिक व्यक्तिलाई निरीक्षण गर्ने सिलसिलामा मासुको सम्पर्कमा जानै पर्ने भएमा त्यस्ता व्यक्तिले सावुनपानीले आवश्यकता अनुसार पटक पटक हात, गोडा धुनु पर्दछ र टोपी, मास्क, एप्रोन र जुत्ता र पञ्जा लगाउनु पर्दछ ।

(५) वधशाला भित्र काम गर्ने कर्मचारी वा कामदारले काम गर्नु भन्दा अघि र काम सके पछि नियमित रुपमा नुहाउने, कामको समयमा कुनै खाद्यपदार्थ सेवन नगर्ने, सफा एप्रोन कपडा अनिवार्य लगाउने, मुखमा माक्स लगाउने, मासु काट्ने साधन वा अन्य सामग्री सफा राख्ने कार्य गर्नु पर्दछ ।

(६) कसैले पनि रोगी, छालाको रोग लागेको, पखाला लागेको, रुघा लागेको कर्मचारीलाई वा आगन्तुकलाई मासुको सम्पर्कमा आउन दिनु हुदैन ।

**छ. वधशालाको लागि पशु खरीद र पशु प्राप्त भए पछि मिलाउनु पर्ने व्यवस्थाः**

(१) वधशालाको लागि पशु खरीद गर्दा स्वस्थ पशु मात्र खरीद गर्नु पर्दछ । ढुवानीकर्ताबाट ल्याइएका राँगा, पाडा वा थारा भैंसीलाई सिधै वधशाला परिसरमा भित्र्याउनु हुदैन ।

(२) भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र वा क्वारेन्टाइन प्रमाणपत्र नभएको राँगा, पाडा वा भैंसीलाई वधशाला परिसरमा भित्र्याउनु हुदैन । ढुवानी गरी ल्याएका पशुलाई वधशालाको मूल ढोकामानै चेक जाँच गर्न लगाई स्वस्थ देखिएका पशुलाई मात्र आराम कक्षमा पठाई आराम गराउनु पर्दछ।

(३) ढुवानीको साधन वा ट्रकबाट झारे पछि राँगा, पाडा वा थारा भैंसीलाई तुरुन्त आराम कक्षमा लगी पिउने पानी दिनु पर्दछ । त्यसको केहीबेर पछि दाना घाँस खुवाउनु पर्दछ तर रागाँ, पाडा वा भैंसीलाई १२ घण्टा भित्रै वध गर्ने हो भने दाना घाँस खुवाउनु हुदैन ।

(४) ३ देखि ४ घण्टासम्म ढुवानी गरी ल्याएका राँगा, पाडा वा भैंसीलाई ट्रकबाट झारे पछि कम्तिमा १२ घण्टासम्म आराम गराउनु पर्दछ । यदि २४ घण्टा वा सो बराबर समय गाडीमा ढुवानी गरेको भए त्यस्ता पशुलाईलाई २० देखि २४ घण्टासम्म आराम कक्षमा राख्नु पर्दछ ।

(५) जाँच गर्दा रोगको शंका भएको राँगा, पाडा वा थारा भैंसीलाई लाएरेजमा पठाउने गल्ती गर्नु हुंदैन । यस्तो पशुलाई अलग्गै कक्षमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

(६) वधशालामा ल्याइएका राँगा, पाडा वा थारा भैंसीलाई पहिचान चिन्ह दिई सोको रेकर्ड राख्नु पर्दछ र सोको लगत राख्नु पर्दछ ।

**ज. लाएरेजमा राख्ने, वहोस पार्ने र वध गर्नेः**

(१) आराम गर्ने ठाउँबाट लाएरेजमा लगेको राँगा, पाडा वा भैंसीलाई प्रसस्त मात्रामा पानी खान दिनु पर्दछ । दाना घाँस खुवाउनु हुदैन ।

(२) लाएरेजमा लगेको पशुलाई मासु निरीक्षकबाट वध पूर्वको परीक्षण गराउनु पर्दछ ।

(३) आराम गर्ने ठाउंबाट लाएरेजमा लगेको पशुलाई  २४ घण्टा भन्दा बढी राख्नु पर्ने भएमा त्यसलाई पुनः आराम गर्ने ठाउँमा फिर्ता गरी दाना घाँसपानी खुवाउनु पर्दछ ।

(४) वध गर्नु भन्दा केही समय पहिले राँगा, पाडा वा भैंसीलाई सफा पानीले राम्ररी नुहाईदिने

व्यवस्था मिलाउनु पर्दछ ।

(५) राँगा, पाडा वा थारा भैंसीलाई वध गर्नु भन्दा पहिले वेहोस गर्नु पर्दछ । मासु निरीक्षकबाट वधगर्न अनुमति दिइएका पशुलाई वेहोस गर्ने, वधगर्ने र छाला काड्ने व्यवस्था मिलाउनु पर्दछ ।

(६) राँगा, पाडा वा भैंसीलाई वेहोस गर्दा टाउकोको निश्चित ठाउँमा मसरुम हेड पेस्तोल (Mushroom - head pistol) वा विद्युतीय चिम्टा (Electrical tongs) मध्ये कुनै एक विधि प्रयोग गरेर मात्र वेहोस गर्न सकिनेछ ।

(७) राँगा, पाडा वा थारा भैंसीलाई वेहोस गर्ने वित्तिकै झुण्ड्याएर घाँटीका नसाहरु काटी तुरुन्त रगत निकाल्नु पर्दछ ।

(८) पशुलाई वध गरेको ६ देखि ८ मिनेटसम्म झुण्ड्याएर शरीरबाट पूरै रगत निस्कन दिनु पर्दछ ।

**झ. छाला काढ्नेः**

(१) राँगा,पाडा वा थारा भैंसीको शरीरबाट रगत पूरा निखने वित्तिकै छाला काढ्ने बन्दोवस्त मिलाउनुपर्दछ । छाला काढ्न प्रयोग गरिने औजारमा चक्कु वा छाला काढ्ने मेशिनको प्रयोग गर्न सकिनेछ । छाला काढ्दा रौंको भागले मासुलाई छुनु हुँदैन ।

(२) छाला काढ्ने कार्य पछि आन्द्रा-भुँडी र भित्र्याँस निकाल्नु पर्दछ । भित्र्याँस र आन्द्रा-भुँडीलाई मासुसंग र एक आपसमा लसपस नहुने गरी अलग राख्नु पर्दछ ।

(३) छाला, हाड, खुर, खुट्टा, सिङ, प्रजनन् अंग जस्ता चीजलाई पनि मासुसंग लसपस नहुने गरी अलग अलग राख्नु पर्दछ ।

(४) छाला र आन्द्रा-भुँडीलाई शरीरबाट हटाउने बित्तिकै मासु निरीक्षकबाट जाँच गर्न लगाई अलग्ग कोठामा लैजानु पर्दछ ।

(५) कसैले पनि आन्द्रा-भुँडीलाई वधशाला भित्र काट्ने वा फोर्ने काम गर्नु हुदैन ।

**ञ. मासु परीक्षण गर्ने गराउने :**

(१) पशु वधशालामा राँगा, पाडा वा थारा भैंसीको वध गरिसकेपछि मासु निरीक्षकले मासु परीक्षण गर्नु पर्दछ । तोकिएको मासु निरीक्षक वाहेक अरु व्यक्तिले मासुमा छाप वा चिन्ह लगाउनु पाउने छैन ।

(२) छाला, भित्रयांस र आन्द्रा-भुँडी निकाले पश्चात मासु निरीक्षकबाट मासु जाँच गराई निर्णय सहित मासुमा नियमावलीमा तोकिएको छाप लगाउने वा खान अयोग्य भए हटाउने गर्नु पर्दछ ।

(३) मासु निरीक्षकले रागाँ, पाडा वा थारा भैंसीलाई वध पछि मासुको परीक्षण गर्दा निम्नबमोजिम परीक्षण गर्नु पर्दछ :–

(क) मासुको बाहिरी भागको बनोट र आकार, कुनै भागमा ऐजेरु, पीपको थैली वा पानीको

थैली छ छैन चेक जाँच गर्ने । सो भए त्यसलाई तुरुन्त हटाउनु पर्दछ ।

(ख) शरीरका मुख्य मुख्य लिम्फनोडहरु (टाउकोमा प्यारोटिड, म्याण्डिबुलर र रेक्टोफयारेन्जियल; फोक्सोमा दायाँ र बायाँ ब्रोकियल र मिडियास्टाइनल; काँधनेरको प्रिस्कापुलर; शरीरको भित्रको सुपरफिसियल इन्गुयानल लिम्फनोड वा सुप्राम्यामरी लिम्फनोड, एक्सटर्नल र इन्टरनल इलिएक लिम्फनोड र खुट्टाको पप्लिटिएल लिम्फनोड) हेर्ने, छाम्ने र आवश्यक महशुस गरेमा काटी हेर्ने गर्नु पर्दछ ।

(ग) मासु परीक्षण गर्दा मासुको कुनै भागमा कुनै संक्रामक रोगको संकेत भेटिएमा त्यस्तो मासु हटाइ नष्ट गर्नु पर्दछ ।

(घ) मासु वा सोको कुनै भाग मानिसको उपभोगका लागि उपयुक्त नदेखिएमा मासु निरीक्षकको सिफारिशमा निरीक्षकको रोहवरमा सम्बन्धित वधशाला संचालकले त्यस्तो मासु वा मासुको भाग समेत तह लगाउनु वा नष्ट गर्नु पर्नेछ ।

(ड) मासु वा कुनै अङ्गको कुनै भागमा मात्र खरावी भए सो भाग मात्र हटाई अन्य भाग स्वीकृत गर्न सकिने छ ।

(च) मासु निरीक्षणको सिलसिलामा कुनै मासु मानिसको उपभोगका लागि शंकास्पद देखिएमा मासु निरीक्षकले त्यस्तो मासु प्रयोगशाला परीक्षण भई नआएसम्म बिकी वितरणमा रोक लगाउन सक्नेछ ।

**ट. मासुमा छाप लगाउने र प्रयोग गरिने मसीः**

राँगा, पाडा वा थारो भैंसीको मासु जाँच गरिसकेपछि मानिसको उपभोगका लागि उपयुक्त देखिएमा मासुमा नियमावलीमा तोकिएको छाप वा चिन्ह लगाउनु पर्नेछ । मासुमा छाप वा चिन्ह लगाउन प्रयोग गरिने मसी वा रंग पशु सेवा विभागले तोके बमोजिमको खाद्य–रङ हुनु पर्नेछ । सामान्यतया मिथाइल भ्वाइलेट (Methyl violet) को मिश्रण वा बेसिक फक्सिन रंग मासुमा छाप वा चिन्ह लगाउन प्रयोग गर्न सकिनेछ । मिथाइल भ्वाइलेट (Methyl violet) को मिश्रणको बनोट निम्नबमोजिमको हुनसक्दछ जुन मसीलाई विभागले २०७३ मा स्वीकृत गरेको छ :–

**मिथाइल भ्वाइलेट (Methyl violet) मसीको मिश्रणको बनोटः**

| | |
|---|---|
| डिस्टिल्ड वाटर | २.५ लिटर |
| शुद्ध ईथाइल अल्कोहल | २.० लिटर |
| चिनी वा सखर | ५७५.० ग्राम |
| मिथाइल भ्वाइलेट | ३८.० – ४०.० ग्राम |

**ठ. वधशालामा मासुको भण्डारण गर्ने :**

(१) वधशालामा राखिएको मासुको कुनै पनि भागले जमिन वा भित्ताको भागमा छुनु हुदैन ।

(२) तुरुन्त बजार लगी बिकी हुने मासुलाई पूरै वा टुक्रा गरी स्टिलको सफा टेवुलमा राख्न सकिनेछ ।

**ड. मासु बिक्री गर्न नपाइनेः**

(१) राँगा, पाडा वा थारो भैसी बाहेक अन्य पशुको मासु

(२) रोग लागी वा कालगतिले मरेको राँगा, पाडा वा भैसीको मासु

(३) छाला सहितको राँगा, पाडा वा भैंसीको मासु

तर राँगा भैसीको लिङ्ग चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा टाउको वा खुट्टाको छाला

सहित बिक्री गर्न बाधा पुऱ्याएको मानिने छैन ।

.

**ढ. वधशालामा प्रयोग गर्न नहुने चीजहरुः**

बध गरी उपभोग गर्न तयार भएको मासुलाई तामा,पारो जस्ता धातु र विभिन्न प्रकारका रंग (enamel) संग मिसाईयो भने मासुका तत्वहरु र त्यस्ता वस्तुहरुका तत्वहरुसंग प्रतिकृया भई मासुको स्वभाविक गुण परिवर्तन हुन्छ र स्वास्थ्यका लागि हानिकारक हुन्छ । तसर्थ, राँगा, पाडा वा थारो भैसीको वध गर्दा वा तिनिहरुको मासुको बिक्री गर्दा यस्ता चीज प्रयोग गर्न पाईंदैन । वधशाला भित्र डिटोल, फिनोल  जस्ता चीज प्रयोग गर्न हुँदैन ।

**ण.मासु ढुवानीको लागि उपयुक्त तापक्रम :**

मासु ओसार पसार गर्दा गर्दा देहायबमोजिमको तापक्रमको व्यवस्था हुनु पर्नेछ :–

(१) कुनै पनि व्यक्ति, संस्था वा व्यवसायीले चिसो पारेको (Chilled), जमाएको (Frozen) मासु वा सुकुटी ओसार पसार वा ढुवानी गर्न सक्नेछ ।

(२) मासु ओसार पसार गर्दा देहायबमोजिमको व्यवस्था मिलाइएको हुनुपर्नेछ :–

(क) मासुको ओसार पसार खुल्ला रुपमा गर्न पाईने छैन ।

(ख) मासुसंगै आन्द्रा-भूँडी, भित्र्याँस, टाउको, खुट्टी जस्ता पदार्थ ओसार पसार गर्नु परेमा मासुसंग लसपस नहुने गरी अलग अलग बन्द गरी लैजानु पर्नेछ ।

(ग) टाढा लैजानका लागि ढुवानी गरिएको मासुको तापक्रम कुनै निश्चित अवधिमा रेकर्ड गर्नु पर्नेछ ।

(घ) ओसार पसार हुने मासु वा मासुको कुनै पनि भाग जमिन वा खुल्ला ठाउँमा नछोडीएको र अन्य कुनै वस्तुबाट लसपस वा दुषित नभएको हुनु पर्नेछ ।

(ङ) मासुको ओसार पसारमा प्रत्यक्ष संलग्न रहने व्यक्तिलाई कुनै पनि संक्रामक रोग लागेको हुनु हुदैन ।

(च) फरक जातका जनावरको मासु र राँगा, पाडा वा थारा भैसीको मासु एउटै गाडीमा राखी ढुवानी गर्न पाइने छैन । राँगा, पाडा वा थारा भैसीको मासु पनि अलग अलग गरी ढुवानी गर्नु पर्दछ ।

**त.मासु ओसार पसार गर्ने साधनः**

राँगा, पाडा वा थारा भैंसीको मासु ओसार पसार गर्दा ढुवानी गर्ने साधन देहायबमोजिमको हुनुपर्नेछ :–

(क) मासु ढुवानी गर्ने साधनको भित्री भागमा प्रयोग गरिएका सबै सामग्रीहरु खिया नलाग्ने, चिल्लो सतह भएको, पानी नसोस्ने, सजिलैसंग सफा गर्न सकिने र निःसंक्रमण गर्दा प्रयोग गरिने रसायनले कुनै असर नपार्ने खालको भएको हुनुपर्दछ ।

(ख) मासु ढुवानी गर्ने साधनमा जडित झ्याल,ढोकाहरु राम्ररी बन्द गर्न सकिने किसिमको

हुनुपर्दछ ।

(ग) मासु ओसार पसार गर्नु पर्ने अवधि भर ढुवानीको साधनमा एकनासको तापक्रम मिलाएर राख्न सकिने किसिमको हुनुपर्दछ ।

(घ) मासु ओसार पसार गर्न प्रयोग गरिने साधन मासु राख्नु अघि र पछि निःसंक्रमण गरिएको हुनुपर्दछ ।

(च) मासु ओसार पसार गरिने साधन मासु राख्नु अघि मासुको किसिम अनुसार तोकिएको तापक्रममा चिसो (Precooled) गरिएको हुनुपर्दछ ।

(छ) मासु ढुवानी गर्ने साधन धुँवा रहित, धुलो रहित, किटाणु वा किट रहित हुनुपर्दछ ।

**थ. फोहर व्यवस्थापन (मरेको पशु, छाला, लादी, हाडखुर सिङ समेत):**

(१) राँगा,पाडा वा थारा भैसीको खान अयोग्य ठहरिएको मासु वा मासुको टुक्राहरु, हाडखोर, लादी, तथा अन्य खेर जाने मासुका टुक्राहरु वधशाला बाहिर फाल्न पाईने छैन । यस्ता चीज वा वस्तुलाई तुरुन्त संकलन गरी सुरक्षिंत साथ तह लगाउनु पर्नेछ ।

(२) खान अयोग्य ठहरिएको मासु वा मासुको टुक्राहरु, लादी तथा अन्य खेर जाने चीज वधशाला भन्दा कम्तिमा १०० फिट टाढा गहिरो खाडल खनी (Bioloical pit) फ्याँक्ने र खाडलको मुख बन्द गर्ने बन्दोवस्त मिलाउनु पर्दछ ।
तर गोबर वा लादीलाई गोबरग्यास प्लान्टमा प्रयोग गर्न सकिनेछ । तर गोबर वा लादीलाई वधशाला भित्र निकाल्न वा पोख्न वा बगाउन पाइने छैन ।

(३) छाला, सिङ, हाडखुरलाई सकेसम्म तुरुन्तै र सो सम्भव नभएमा २४ घण्टा भित्रै बिक्री गरी बाहिर पठाउने व्यवस्था गर्नु बढी सुरक्षित हुन्छ ।

(४) वधशालाबाट निस्किएको फोहर पानीलाई सिधै खोला वा ढलमा नहाली उपचार गरेर मात्र निकास दिने व्यवस्था गर्नु पर्दछ । ढल बनाउँदा पानी वधशाला तर्फ नफर्किने गरी बनाउँनु गर्दछ । फोहर पानीलाई उपचार गर्ने ठाउँमा ३ वटा खण्ड वा भाग र फोहरका टुक्रा छान्ने जाली समेत हुनु पर्दछ ।

**द. सरसफाइ र निःसंक्रमण गर्नुपर्ने:**

(१) वधशालाका हरेक भाग बिल्कुल सफा हुनुपर्दछ । वधशाला सञ्चालन गर्ने व्यक्ति, संस्था, कामदार वा कर्मचारीले आफ्नो संरचनाको प्रत्येक दिन सरसफाई र निःसंक्रमण गर्नु पर्नेछ । यो कार्य गर्दा सरसफाई तालिका (Housekeeping plan) बनाई सञ्चालकबाट स्वीकृत गराई गर्नु बढी व्यवहारिक तथा अनुगमन गर्न सजिलो हुन्छ ।

(२) दैनिक काम सकिएपछि वधशालाको भित्रि भागमा सफा गर्दा मासुका स–साना टुक्राहरुलाई हातले संकलन गर्ने र चिसो पानीले पखाल्ने । त्यसपछि पहिलो पटक तातोपानीले, दोस्रो पटक अल्काली

डिटर्जेन्टले, त्यसपछि क्लोरिन–पानीले र अन्त्यमा तातोपानीले सफा गर्नुपर्दछ । तर वधशालाको बाहिरी भागमा सफा गर्दा चूनपानीको २० प्रतिशत झोल, चूनको धूलो वा ५% फिनेलपानीको झोलले सफा गर्न सकिनेछ । वधशाला भित्र डिटोल, फिनेल जस्ता केमिकल गल्तीले पनि प्रयोग गर्नु हुँदैन ।

(३) लादी तथा अन्य खेर जाने मासुका टुक्राहरु जस्ता चीज जम्मा गर्ने ठाउँ भए त्यस्ता ठाउँमा दैनिक रुपमा सफा गर्नु पर्दछ । यस्तै गरी वधशालाको भूईँ, भचाङ, कोठा, ढोका, झ्याल, लोडिङ/अन लोडिङ गर्ने ठाउँ, पानी तताउँने भाँडो दैनिक रुपमा सफा गर्नु पर्दछ ।

(४) चर्पी र नुहाउने कोठा दैनिक रुपमा सफा गर्नु पर्दछ ।

**ध. शुल्क लिई राँगा, पाडा वा थारो भैसी वध गरिदिनु पर्नेः**

(१) कसैले कुनै प्रयोजनको लागि राँगो, पाडो वा प्रजनन्कोलागि अयोग्य भैंसी वध गर्न अनुरोध गरेमा गाउँकार्यपालिकाले निर्धारण गरेको शुल्क लिई वधशाला सञ्चालकले त्यस्तो पशुको वध गरि दिनुपर्नेछ ।

(२) बुँदा नम्बर (१) बमोजिम वध गरिएको पशुको मासु सरोकारवालाले तुरुन्त फिर्ता लैजानु पर्दछ ।

**न. मासु पसलको मापदण्ड सम्बन्धी व्यवस्थाः**

राँगा, पाडा वा थारा भैसीको मासु बिक्री गर्ने पसल निर्माण गर्दा नियमावलीको नियम ८ को खण्ड (झ) मा उल्लेखित मापदण्डका अतिरिक्त निम्नबमोजमिका थप सुविधा भएको हुनुपर्नेछः :–

(क) पसल कोठाको भूंई पानी नसोस्ने, हानीकारकतत्व रहित, सफा गर्न र निःसंक्रमण सजिलैसंग गर्न सकिने किसिमको हुनुपर्छ ।

(ख) पसल कोठाको भित्ता पक्का खालको र सजिलैसंग सफा गर्न सकिने र कामगर्न यथेष्ठ लम्बाई, उचाई भएको र भित्तामा हल्का रंग पोतेको हुनुपर्दछ र भित्ता र भूईंको कुनाहरुमा फोहोर नजम्ने गरी बनाईएको हुनुपर्छ ।

(ग) पसल कोठाको सिलिङ्गः धुलो मैलो नजम्ने र बाफ नपर्ने खालको हुनुपर्नेछ ।

(घ) खेरजाने मासुको टुक्रा तथा तरल पदार्थ तथा अन्य पदार्थहरु पसलबाट सजिलैसंग तह लगाउन सकिने किसिमको हुनुपर्नेछ र खेर जाने वस्तुहरु तह लगाउदा पिउने पानीको मुहानसंग मिसिने वा समिश्रण हुन नसकिने किसिमको हुनुपर्नेछ । यदि यस्तो वस्तुहरुको निकास मूलढल निकासद्वारा गर्नु पर्ने भए सोसंग सम्बन्धित निकायको स्वीकृती समेत लिएको हुनुपर्नेछ ।

(ङ) मासु बिक्री गर्ने स्थल वा स्टलहरु गाउँपालिकाले तोकिदिएको मापदण्ड अनुसार निर्माण गर्न सकिनेछ ।

(च) मासु पसलेले आफ्नो पसल बाहिरको बोर्डमा पसलको नाम, पसल संचालकको नाम,गाउँ–पालिकामा पसलको दर्ता गरेको दर्ता नम्बर राख्नु पर्नेछ ।

(छ) मासु बिक्री गर्ने मासु पसलेले मासुको मुल्यसूचि समेत बाहिरपट्टि देखिने गरी टाँसी राख्नु पर्नेछ ।मुल्यसूचि राख्दा मुल्यसूचिमा राँगो, पाडो र थारा भैंसीको मासुको मूल्य छुट्टिने गरी राख्नु पर्नेछ ।

**प. मासु पसल सञ्चालनका लागि शर्तहरु**

राँगा, पाडा वा थारा भैसीको मासु बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले निम्नबमोजिका शर्तको पालना गर्नु पर्नेछ :–

(१) राँगा, पाडा वा थारा भैसीको मासु बिक्री गर्न चाहने व्यक्ति वा संस्थाले पालिकाबाट पसल दर्ता गरी पसलको दर्ता गरेको प्रमाणपत्र र इजाजतपत्र नियमावलीको अनुसूची ३ र ४ बमोजिम लिनुपर्नेछ ।

(२) मासु पसलमा बिक्री गरिने मासु स्वीकृति प्राप्त सार्वजनिक वा नीजि राँगा भैसीको बधशाला वा वधस्थलबाट ल्याईएको हुनुपर्नेछ ।

(३) मासु स्वच्छ हुनुपर्ने र अन्य पशुको मासुसंग मिसाएको हुनुहुंदैन ।

(४) छाप लगाइएको मासुको अंश बिक्रीको अन्तिम समयसम्म देखिने गरी राखिएको हुनुपर्नेछ । अन्यथा छाप नदेखिएको  मासु निरीक्षण गर्दा भेटिएमा अस्वच्छ मासु सरह मानी जफत गरी नष्ट गरिनेछ ।

(५) भित्र्यांस (आन्द्रा, भुंडी),रगती, छाला, टाउको, खुट्टी आदि र मानिसले खान अयोग्य मासु पसलमा राखी बिक्री गर्न पाईने छैन, यदि यस्ता वस्तु मासु पसलमा पाईएमा मासु निरीक्षक वा मासु सुपरीवेक्षकले जफत गरी नष्ट गर्न सक्नेछ । यदि कसैले यस्ता चीज बिक्री गर्न चाहने हो भने मासु पसलको अलग्ग कोठामा राखी बिक्री गर्न सकिनेछ ।

(६) मासुलाई पानीमा भिजाउने, पानी छर्कने वा  अन्य कुनै तरिकाले तौल बढाउने गर्न पाउने छैन र यस प्रयोजनको लागि पसलमा पानी राख्न समेत पाउने छैन ।

(७) पसलमा मासु राख्दा वा झुण्ड्याउदा  भुईं, भित्ता, खम्बा आदि ठाउँमा नछोईने गरी राख्नु पर्नेछ ।

(८) मासु पसलमा पैसा राख्ने बाकस बाहेक अन्य कुनै बाकस, दराज राख्न पाईने छैन तर रेफ्रिजरेटर वा डिपफ्रिज राख्न बाधा पर्ने छैन ।

(९) पसलमा टाईल, ढुङ्गा वा कंक्रीटको स्ल्याव हुनु पर्नेछ ।

(१०) मासु तौलनको लागि प्रयोग हुने तराजु झुण्ड्याएको हुनुपर्नेछ । टेबुलमाथि तराजु राखिएको भए अलग टेबुलमा राखिएको हुनुपर्नेछ । ढकहरु बाहेक अन्य वस्तु भुईंमा लसपस नभएको हुनुपर्नेछ । मासु पसलमा नक्कली तौलने ढक तथा तराजु प्रयोग गर्न पाइने छैन ।

(११)  मासु काट्न, जोख्न, मासु राख्न प्रयोग गरिने औजार तथा भाडावर्तन सधैं सफा राख्नुपर्नेछ, यदि यस्तो नपाईएमा मासु निरीक्षक वा मासु सुपरीवेक्षकले जफत गर्न सक्नेछ ।

(१२) हाडखोर तथा अन्य खेर जाने मासुका टुक्राहरु पसल बाहिर फाल्न पाईने छैन, तर यस्ता वस्तु अलग संकलन गरी अलग्ग ठाउँमा राख्न सकिनेछ ।

(१३)  प्रयोग नहुँदा मासु काट्ने अचानो तथा टेबुललाई सफा गरेर छोपेर राख्नु पर्नेछ ।

(१४) पसल निर्माण गर्दा पसलमा जनावर, चरा, किरा, फटेङ्ग्रा आदिले प्रवेश गर्न नपाउने गरी बनाउनु  पर्नेछ ।

## परिच्छेद ४

## ६.जनशक्ति, तालिम, स्वास्थ्य सुरक्षा तथा गुनासो व्यवस्थापन

**क. वधशालामा जनशक्ति तथा तालिमको व्यवस्था :**

(१) वधशाला सञ्चालकले वधशालाको लागि आवश्यक पर्ने दक्ष र अदक्ष कामदारको व्यवस्था गर्नुपर्नेछ र तिनिहरुलाई मासिक ज्याला वा तलव तोकी काममा लगाउनु पर्नेछ।

(२) वधशाला सञ्चालकले वधशालामा काममा लगाएका सबै कामदारलाई महिना बितेको लगत्तै मासिक ज्याला वा तलव भुक्तानी गरिदिनु पर्नेछ र ज्याला वा तलव भुक्तानी गरेको विवरण दुरुस्त राख्नु पर्नेछ।

(३) कुनै कामदारले काममा वेवास्ता गरी काम बिगारेमा वा काम चोरी गरेमा वा वधशालालाई हानी पुचाएमा त्यस्तो कामदारलाई वधशाला सञ्चालकले २ पटकसम्म लिखितरुपमा चेतावनी दिनुपर्नेछ।

तर एउटै कामदारले तेश्रो पटक पनि सोही प्रकारको गल्ती गरेमा वधशाला सञ्चालकले त्यस्तो कामदारलाई काम गरेको अवधिको ज्याला वा तलव भुक्तानी दिई कामबाट हटाउन सक्नेछ।

(४) कामदारको शीप विकासको लागि वधशाला सञ्चालकले समय सापेक्ष तालिमको व्यवस्था मिलाउनु पर्नेछ।

(५) वधशाला सञ्चालकले आफ्ना कामदार वा कर्मचारीलाई हप्तामा १ दिन अनिवार्य रुपमा विदा दिनुपर्नेछ।

**ख.वधशालामा काम गर्ने व्यक्तिको स्वास्थ्य सुरक्षा तथा स्वास्थ्य परीक्षण:**

(१) वधशाला सञ्चालकले वधशालामा काम गर्ने कामदार वा कर्मचारीहरुको ६। ६ महिनामा स्वास्थ्य परीक्षण गराई सो स्वास्थ्य परीक्षण गरेको, उपचार गरेको र रोग-अनुगमन गरेको रेकर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ।

(२) वधशालामा काम गर्ने सिलसिलामा कुनै दुर्घटना भई कामदार वा कर्मचारी विरामी परेमा वधशाला संचालकले तुरुन्त उपचारको व्यवस्था मिलाई दिनु पर्नेछ र त्यस्तो कामदार वा कर्मचारीको परिवारलाई तुरुन्त खबर गरिदिनु पर्नेछ।

**ग. गुनासो व्यवस्थापन:**

(१) वधशाला सञ्चालकले वधशालाको ठीक बाहिरको भित्तामा एउटा गुनासो पेटिका राख्नु पर्नेछ।

(२) कुनै व्यक्ति वा संस्थालाई वधशाला संचालन वा मासुको गुणस्तरको विषयमा कुनै किसिमको गुनासो भएमा वा वधशाला व्यवस्थापनबाट प्रचलित कानूनको उल्लंघन गरेको भन्ने लागेमा आफ्ना कुरा कागजमा लेखी उक्त गुनासो पेटिकामा हालि दिनुपर्नेछ।

(३) वधशाला सञ्चालकले आफ्ना कर्मचारी मध्ये कसैलाई जिम्मा दिई हरेक ३। ३ दिनमा उक्त गुनासो पेटिका खोल्ने व्यवस्था मिलाउनु पर्दछ।

(४) गुनासो पेटिका खोल्ने जिम्मा पाएको व्यक्तिले पनि कुनै १ वा २ व्यक्तिको रोहवरमा हरेक ३। ३ दिनमा उक्त पेटिका खोली, विवरण अध्ययन गरी सो विवरण अनुसूची– १४ बमोजिमको ढाँचाको रजिष्टरमा अभिलेख राख्ने र सक्कल पत्र वधशाला सञ्चालक समक्ष पेश गर्ने।

(५) वधशाला सञ्चालकले सो गुनासो सुन्ने र सो उपर छानविन गर्न लगाई गुनासो बारे निर्णय गरी सार्वजनिक गर्ने । यदि गुनासो पेश गर्ने व्यक्तिको नाम पत्रमा उल्लेख गरेको भए गुनासो उपर भएको निर्णय बारे जानकारी गराउनु पर्नेछ ।

(६) गुनासो पेटिका खोल्ने जिम्मा पाएको व्यक्तिले पनि उक्त गुनासो उपर भएको निर्णय वा समाधानको विवरण अनुसूची –१५ बमोजिमको ढाँचाको रजिष्टरमा अभिलेख राख्नुपर्नेछ ।

(७) वधशाला वा मासुको गुणस्तरको विषयमा भए गरेका उजुरी वा गुनासा र तिनिहरुको फछ्र्यौटको सम्बन्धमा कोही अधिकारप्राप्त व्यक्ति आई जान्न वा हेर्न चाहेमा वधशाला संचालकले रजिष्टरमा राखिएको अभिलेख हेर्न दिनु पर्नेछ ।

(८) कारवाही गर्दा पनि समाधान हुन नसकेका उजुरी वा गुनासोको विवरण अनुसूची –१६ बमोजिमको ढाँचाको रजिष्टरमा अभिलेख राख्नुपर्नेछ र यदि उजुरीकर्ताको ठेगाना भए सोको कारण सहित उजुरीकर्तालाई जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद – ५

### ७. सार्वजनिक – निजी साझेदारीमा पशु वधशाला सञ्चालन एवं व्यवस्थापन

मरिण गाउँपालिकाले सार्वजनिक – निजी साझेदारी सम्बन्धी मौजुदा कानून बमोजिम पशु वधशाला सञ्चालन तथा व्यवस्थापन गर्दा अप्नाउने प्रकृया देहायबमोजिम हुनेछ :–

**क.इजाजत र सेवा वा व्यवस्थापन खरीद प्रकृया :**

(१) गाउँपालिकाले निजी क्षेत्रबाट सार्वजनिक –निजी साझेदारीमा वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न चाहेमा सार्वजनिक –निजी साझेदारी नीति २०७२ र सार्वजनिक निजी साझेदारी सम्बन्धी ऐन, २०७४ बमोजिम परिच्छेद २ दफा ३ (१) र (२) को अधिनमा रही सेवा करार वा व्यवस्थापन करारको स्वरुप अनुसार मासु उत्पादन तथा बिक्री वितरणमा संलग्न वा मासु प्रशोधन उद्योग सञ्चालन गरिरहेको कुनै संघ, संस्था, निजी कम्पनी वा व्यक्तिलाई वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न इजाजत दिन सक्नेछ ।

(२) बुँदा नम्बर (१) बमोजिम सार्वजनिक –निजी साझेदारीमा वधशाला सञ्चालन तथा व्यवस्थापन कार्यान्वयन गर्ने योजनाको खरीद प्रकृया देहायबमोजिम हुनेछ :–

(क) आसयपत्र माग गर्ने
(ख) योग्यताको लागि दरखास्त माग गर्ने
(ग) छनौट भएका दरखास्तवालाहरुको सूची गाउँपालिकाले सार्वजनिक गर्ने
(घ) छनौट भएका दरखास्तवालाहरुबाट प्राविधिक, वातावरणीय र वित्तीय प्रस्ताव माग गर्ने
(ड) प्रस्तावहरुको मूल्याङ्कन गरी मूल्याङ्कनमा सबैभन्दा योग्य ३ (तीन) वटा प्रस्तावहरु छनौटगर्ने
(च) प्रस्ताव स्वीकृत गर्ने
(छ) योजना कार्यान्वयनका लागि सम्झौता गर्ने ।

(३) बुँदा नम्बर (२) मा जे सुकै लेखिएको भए तापनि गाउँपालिकाले आसयपत्र, योग्यताको लागि दरखास्त र पूर्ण प्रस्ताव एकै पटक पनि माग गर्न सक्नेछ । यस सम्बन्धी व्यवस्था निम्नबमोजिम हुनेछन् :–

(क) रु १० करोड रुपैयाँभन्दा कम लागत भएका योजनाको हकमा आसयपत्र र योग्यता सम्बन्धी दरखास्त र प्रस्ताव सम्बन्धी विवरणहरु छुट्टाछुट्टै खाममा एकै पटक पनि माग गर्न सकिनेछ ।

(ख) आवेदकले प्रस्ताव पेश गर्दा आसयपत्र र योग्यता सम्बन्धी दरखास्त एउटा खाममा, प्राविधिक प्रस्ताव र वातावरण सम्बन्धी प्रस्ताव अर्को खाममा र आर्थिक प्रस्ताव तेश्रो खाममा राख्नु पर्नेछ । पूर्ण प्रस्ताव (प्राविधिक प्रस्ताव, वातावरण सम्बन्धी प्रस्ताव र आर्थिक प्रस्ताव) को ढाँचा निम्नबमोजिम हुनेछ :–

## पूर्ण प्रस्तावको ढाँचा

***प्रस्तावकले गाउँपालिकामा पूर्ण प्रस्ताव पेश गर्दा निम्नबमोजिमका विषयवस्तु वा बुँदाहरु बारे स्पष्ट रुपमा विवरण खुलाई प्रस्ताव तथा कागजात पेश गर्नुपर्नेछ :–***

*१. **योजनाको सारांश:** (योजनाको नाम, उद्देश्य, मूख्य उत्पादनहरु, सम्पर्क व्यक्तिको विवरण, संक्षिप्त वित्तीय विवरण,(आफ्नै श्रोत र बैंकको रकम खुलाउने), लगानी गर्ने बैंकको नाम, गठबन्धनका साझेदार व्यक्ति वा संस्थाको नाम, ठेगाना र संपर्क नम्बर,काम सुरु गर्ने प्रस्तावित मिति, मूख्य मूख्य कार्यहरु, मूख्य मूख्य उपलब्धिहरु, आदिका विवरणहरु)*

*२. **आवेदकको विवरण:** ( आवेदक संस्था वा व्यक्तिको नाम, आवेदक संस्था वा व्यक्तिको प्रकार(सहकारी वा कृषक समूह वा उत्पादक संघ), फर्म वा संस्था दर्ता भएको निकाय र दर्ता मिति, बैंक खाताको पूर्ण विवरण, योजना कार्यान्यिन गर्ने कार्यालयको ठेगाना सम्पर्क नम्बर, संस्था भए संस्थाका जिम्मेवारव्यक्तिको नाम, पद, सम्पर्क नम्बर, आदि)*

*३. **प्रस्तावित व्यवसायको छोटो परिचय:**(हाल के गरिरहेको र अब के के गर्न खोजिएको हो ?खुलाउने)*

*४. **व्यवसायको वर्तमान अवस्था:** (हाल के गरिरहेको हो त्यसको उत्पादन, बिक्री र आमदानीको अवस्था, आवश्यक कच्चा पदार्थको श्रोत, आदि )*

*५. **प्रस्तावित योजनाको उद्देश्य र औचित्य:** (योजनाको उद्येश्य, व्यवसायिक अनुभव, हालको उत्पादन,बजारको अवस्था, मूख्य समस्याहरु, आदि)*

*६. **आवश्यक जनशक्ति र श्रोत साधनको उपलब्धता:** (विषयवस्तु बारे ज्ञान र उपकरण औजार चलाउन सक्ने क्षमता भएका जनशक्ति, आवश्यक पर्ने उपकरण औजारको व्यवस्था कस्तो छ ? सो बारे खुलाउँने)*

*७. **चुनौति र अवसर:** (काम गर्दा पर्न सक्ने समस्या र चुनौती के के हुन सक्लान र ती समस्याहरुलाई कसरी  सम्बोधन गर्न सकिन्छ होला? सो बारेमा उल्लेख गर्ने)*

*८. योजनाको क्रियाकलाप र कार्यान्वियन गर्नसक्ने क्षमता: (योजनाको क्रियाकलाप के, कसरी, कहाँ र कसले गर्ने भन्ने कुरा छोटकरीमा लेख्ने)*

*९. प्रस्तावित पूर्वाधार, मेशिन, उपकरणको उपलब्धता: (प्रस्तावित काम गर्न हालमा कुन कुन पूर्वाधार, मेशिन, उपकरणको उपलब्धता छ, उल्लेख गर्ने)*

*१०. कच्चा पदार्थ व्यवस्थापनको योजना: (पशु वधशाला सञ्चालन तथा व्यवस्थापन गर्नका लागि चाहिने राँगा, पाडा, थारा भैंसी र अन्य कच्चा पदार्थ व्यवस्थापन कसरी गर्ने योजना छ ? सो उल्लेख गर्ने)*

*११.प्रस्तावकले पूर्ण प्रस्तावमा पेश गर्नुपर्ने कागजात वा प्रमाणहरु र मूल्याङ्गनका आधारहरु भन्ने महलमा र कार्यविधिको तालिका नं १ मा उल्लेख गरिएको पूर्ण प्रस्तावको मुल्याङ्गनका आधारहरु भनी उल्लेख गरिएका हरेक बुँदाको बारेमा स्पष्ट विवरण खुल्ने गरी वा कागजातहरु पेश गर्नु पर्नेछ ।*

*१२. आर्थिक प्रस्तावको हकमा लाभ लागतको विश्लेषण र ब्रेक इभन प्वाइन्टको आधार, मासु वा मासुजन्य ब्यवसाय सम्बन्धी कामको अनुभव, बजार विश्लेषण र १ बर्षको नगद परिचालनको अवस्था समेत खुलेको हुनुपर्नेछ ।*

*१३. प्रस्तावित योजनाबाट लाभान्वित हुने जनसंख्या (अनुमानित) विवरण खुलेको हुनुपर्नेछ ।*

(ग) योग्यता पुगेका आवेदकको पूर्व निर्धारित मापदण्डको आधारमा प्राविधिक र वातावरण सम्बन्धी प्रस्तावहरुको छनौट नगरी आर्थिक प्रस्तावहरु खोलिने छैन । साथै पूर्व निर्धारित मापदण्डको आधारमा प्राविधिक प्रस्तावमा ७० % वा सो भन्दा भन्दा बढी अङ्क प्राप्त गर्ने र वातावरण सम्बन्धी प्रस्तावहरुमा कम्तिमा ५० % अङ्क प्राप्त गर्ने मध्येबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने तीन आवेदकको प्रस्तावहरुको मात्र आर्थिक प्रस्ताव खोलि मूल्याङ्कन गराइनेछ । यसरी छनौट भएका आर्थिक प्रस्तावहरुमा कम्तिमा ६५ % अङ्क प्राप्त गर्नुपर्नेछ । साथै, सबै किसिमका प्रस्तावहरुको प्राप्ताङ्कको प्रतिशतको योगफलबाट सरदर प्रतिशत निकाल्दा कम्तिमा ५० % अङ्क प्राप्त हुनुपर्नेछ ।

(घ) प्राविधिक प्रस्तावको मूल्याङ्कन सम्बन्धित विषय विशेषज्ञ सहित रहेको बोलपत्र मूल्याङ्कन समितिबाट वा विषय विशेषज्ञबाट, र आर्थिक प्रस्तावको मूल्याङ्कन अर्थविज्ञ वा कुनै वित्तीय संस्थाबाट गराइनेछ । आर्थिक प्रस्तावको मूल्याङ्कन गर्न तत्काल अर्थविज्ञ वा कुनै वित्तीय संस्था उपलब्ध नभएको खण्डमा सो प्रस्तावको मूल्याङ्कन गर्न गाउँपालिकाले वैकल्पिक व्यक्तिको व्यवस्था गर्न सक्नेछ ।

(४) सार्वजनिक-निजी साझेदारीमा पशु वधशाला सञ्चालन र व्यवस्थापन गर्न साझेदार छनौट गर्ने प्रकृया :

(क) गाउँपालिकाले पशु वधशाला सम्बन्धित कुनै योजना सार्वजनिक-निजी साझेदारीमा सञ्चालन र व्यवस्थापन गर्न उपयुक्त देखी निर्णय गरे सोको कार्यान्वयन गर्न ३० (तीस) दिनको समय दिई आशयपत्र वा मनसायपत्र पेश गर्नको लागि सार्वजनिक सूचना आव्हान

गर्नुपर्नेछ। गाउँपालिकाले सार्वजनिक सूचना आव्हान गर्नु भन्दा पहिले मनसायपत्रका साथ पेश गर्नुपर्ने कागजात तथा प्रमाणहरु आवेदकको योग्यता भनी स्वीकृत गर्नु पर्नेछ र सो बारे आवेदकलाई बुँदा सहितको खाका गाउँपालिकाले उपलब्ध गराउँनु पर्नेछ। मनसायपत्र आह्वानको सूचना र मनसायपत्र साथ आवेदकले पेश गर्नु पर्ने विवरणको नमूना अनुसूची –१७ मा दिइएको छ। मनसायपत्रको निवेदनको नमूना अनुसूची – १८ मा दिइएको छ।

(ख) मनसायपत्र प्राप्त भएको अन्तिम मितिबाट ३०(तीस) दिनभित्र तोकिएको मापदण्डको आधारमा मनसायपत्रसाथ प्राप्त भएका योग्यता सम्बन्धी विवरणहरुको मूल्याङ्कन गरी सम्भावित साझेदारको संक्षिप्त सूची तयार गरी प्रमुख प्रशासकीय अधिकृतबाट स्वीकृत गराउनु पर्नेछ।

(ग) मनसायपत्र र आवेदकको योग्यताको मूल्याङ्कन गर्न गाउँपालिकाले एक बोलपत्र मूल्याङ्कन समितिगठन गर्नेछ।

(घ) बोलपत्र मूल्याङ्कन समितिमा गाउँपालिकाका अध्यक्षले ताकेको एक जना संयोजक, योजना हेर्ने पदाधिकारी सदस्य, लेखा शाखा प्रमुख सदस्य हुनेछन् । तर संयोजकले आवश्यक ठानेमा नजिकको अन्य कार्यालयबाट १ जना प्रतिनिधि बोलाउन सक्नेछन्।

(ङ) माग अनुसार पर्न आएका मनसायपत्र र आवेदकको योग्यताको मूल्याङ्कन सोही बोलपत्र मूल्याङ्कन समितिले गर्नेछ।

(च) बोलपत्र मूल्याङ्कन समितिले मनसायपत्रको मूल्याङ्कन गर्दा उत्कृष्ठ ठहरिएका आवेदकहरुको सूची तयार गरी गाउँपालिका प्रमुख कहाँ पेश गर्नुपर्नेछ। गाउँपालिकाले पेश हुन आएको सूची अनुसार नतिजा सार्वजनिक गर्नुपर्नेछ।

(छ) बुँदा नम्बर (च)बमोजिम नाम सार्वजनिक गरिएका अर्थात संक्षिप्त सूचीमा परेका मनसायपत्र दाताहरुको संख्या धेरै भए ती मनसायपत्र दाताहरुलाई योजना कार्यन्वयन गर्ने सम्बन्धमा ३०(तीस) दिनसम्मको म्याद दिई आवश्यक विवरण खुलाई छुट्टाछुट्टै पूर्ण प्रस्ताव (प्राविधिक, वातावरणीय र आर्थिक प्रस्ताव) पेश गर्नका लागि सार्वजनिक सूचना आव्हान गर्नु पर्नेछ। तर यस्ता छनौट भएका मनसायपत्र दाताहरुको संख्या १० वा सो भन्दा कम भएमा तिनिहरुलाई पालिकाले पत्रद्वारा सिधै जानकारी गराउन सक्नेछ। छनौट भएका मनसायपत्र दाताहरु मध्ये कसैले पूर्ण प्राविधिक, वातावरणीय र आर्थिक प्रस्तावमा समेटिनु पर्ने विषयवस्तु उल्लेख गरिएको नमूना/ढाँचा माग गरेमा गाउँपालिकाले उक्त पूर्ण प्रस्तावको नमूना/ढाँचा उपलब्ध गराउनेछ।

(ज) आवेदक वा प्रस्तावकले तोकिएको मितिभित्र पूर्ण प्रस्ताव तयार गरी माग भए बमोजिमका कागजात संलग्न गरी गाउँपालिकामा दर्ता गर्नु पर्नेछ। म्याद भित्र प्राप्त भएका पूर्ण प्राविधिक र वातावरणीय प्रस्तावको मूल्याङ्कनबाट उत्कृष्ठ ठहरिएका मध्ये कुनै तीन प्रस्तावकको मात्र आर्थिक प्रस्ताव स्वीकार्य हुनेछ।

(झ) प्राविधिक, वातावरणीय र आर्थिक प्रस्तावमा प्राप्त गरेको सबै अङ्क जोड गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने प्रस्तावकलाई प्रथम, सोभन्दा कम अङ्क प्राप्त गर्ने प्रस्तावकलाई द्वितीय र सबैभन्दा कम अङ्क प्राप्त गर्ने प्रस्तावकलाई तृतीय दर्जाको प्रस्तावक मानिनेछ।

(ञ) कूल प्राप्ताङ्कको आधारमा प्रथम स्थान प्राप्त गर्ने प्रस्तावकलाई समय सीमा तोकी गाउँपालिकाले सम्झौता गर्न लिखित रुपमा बोलाउनु पर्नेछ ।

(ट) कूल प्राप्ताङ्कको आधारमा प्रथम स्थान प्राप्त गर्ने प्रस्तावकले कुनै कारणवस साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा दोश्रो बढी प्राप्ताङ्क प्राप्त गर्ने प्रस्तावकलाई छनौट गर्न सक्नेछ । दोश्रो प्रस्तावक पनि साझेदारीको लागि तयार नभएमा वा कुनै कारणले अयोग्य भएमा तेश्रो बढी प्राप्ताङ्क प्राप्त गर्ने प्रस्तावकलाई साझेदारीको लागि छनौट गरी गाउँपालिकाले सम्झौता गर्न सक्नेछ ।

(ठ) बुँदा नम्बर (ट) बमोजिम गरिने सम्झौताको पहिलो अवधि ५ (पाँच) बर्षको हुनेछ । र,सो पश्चात हरेक २। २ बर्षमा गाउँपालिकाबाट साझेदारले सम्झौता नवीकरण गर्नुपर्नेछ ।

**ख. आवेदकको योग्यता :**

(१) आवेदक संस्था,फर्म, कम्पनी मासु तथा मासुजन्य पदार्थको उत्पादन, प्रशोधन वा बिक्री बितरण मध्ये कुनै एक वा एक भन्दा बढि काम गर्ने उद्देश्यले गठन भै आधिकारिक निकायमा दर्ता भएको पत्र वा प्रमाणपत्र लिएको हुनुपर्नेछ । आवेदक संस्था,फर्म, कम्पनीको सञ्चालक वा व्यक्ति नेपाली नागरिक हुनु पर्नेछ।

(२) आवेदक संस्था, फर्म वा कम्पनी दर्ता हुँदाको समयमा नै आवेदन गर्न चाहेको विषय वा कार्य उक्त संस्थाको उद्देश्यमा नै उल्लेख भएको हुनु पर्नेछ, अन्यथा सोही अनुसार संस्था, फर्म वा कम्पनीको मूल्याङ्कन गरिनेछ ।

(३) साझेदारीमा वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न आवेदन दिने आवेदकले आवेदनका साथ वधशालामा अति आवश्यक पर्ने दक्ष, अर्धदक्ष कामदारका साथै वधशालाको लागि व्यवस्थापक र लेखामा काम गर्ने व्यक्तिहरुको नाम, जिम्मेबारी र सम्पर्क नम्बर सहित स्पस्ट उल्लेख गर्नुपर्नेछ ।

(४) प्रस्तावक संस्था, फर्म वा कम्पनी हाल मासु वा मासु सम्बन्धी व्यवसाय सञ्चालन गरिरहेको भए सो व्यवसाय नाफा वा घाटामा चलेको देखिने कम्तिमा ६ महिनाको बैकिङ्ग कारोवारको स्टेटमेन्ट, पछिल्लो आ.व.को अडिट रिपोर्टको फोटोकपी, भ्याट वा प्यानमा दर्ता भएको प्रमाणपत्र को फोटोकपी, कर तिरेको कर चुक्ताको प्रमाण अनिवार्य रुपमा निवेदनका साथ पेश गर्नु पर्नेछ । तर नयाँ दर्ता भएको संस्था भए यस किसिमको कागजात पेश गर्नु पर्नेछैन ।

(५) प्रस्तावक संस्थाले कुनै बैङ्कबाट ऋण लिई व्यवसाय सञ्चालन गर्न चाहेको भए आफूले धितो राख्ने सम्पति वा स्वामित्व प्रस्तावक संस्थाको कुनै सदस्यमा रहेको हुनु पर्नेछ वा वित्तीय संस्थालाई सो संस्था, फर्म वा कम्पनीको प्रस्ताव प्रचलित नियम अनुसार स्वीकार्य हुनुपर्दछ । धितो राख्ने सम्पति जग्गा भए सो जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

(६) आवेदक कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्नेछ। यसका लागि आवेदकले स्वघोषणा गरेको लिखितपत्र निवेदनमा संलग्न गर्नुपर्नेछ। आवेदकले स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा गाउँपालिकाबाट उपलब्ध हुनेछ। यस सम्बन्धी आवेदकले स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा अनुसूची -२० बमोजिम हुनेछ।

(७) आवेदक वा प्रस्तावकले २ बर्ष यता कुनै पनि बैंक, दातृ संस्था वा सरकारी निकायबाट हाल प्रस्ताव गरेको कामकै लागि रु १० लाख भन्दा बढी ऋण, अनुदान वा सो रकम बराबरको भौतिक सामग्री नलिएको र ऋण दुरुपयोग नगरेको हुनुपर्नेछ। आवेदकले आवेदन दिँदा यसको पनि स्वघोषणा गरेको लिखितपत्र निवेदनमा संलग्न गर्नुपर्नेछ । आवेदकले स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा गाउँपालिकाबाट उपलब्ध हुनेछ । यस सम्बन्धी आवेदकले स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा अनुसूची -२१ बमोजिम हुनेछ।

(८) आसयपत्रका साथ पेश गरिएका योग्यता सम्बन्धी विवरणको मूल्याङ्कन गर्दा उत्तम ठहरिएका आवेदकहरुलाई गाउँपालिकाले साझेदारीमा काम गर्न समय सीमा तोकी पूर्ण प्रस्ताव पेश गर्न लिखितरुपमा बोलाउनेछ।

(९) बुँदा नम्बर (१) देखि (५) सम्म जे सुकै लेखिएको भए तापनि बुँदा नम्बर (६) मा लेखिएबमोजिमको कालो सूचीमा परेको वा बुँदा नम्बर(७) मा लेखिएबमोजिमको ऋण वा अनुदान लिएको आवेदकलाई अयोग्य प्रस्तावक मानिनेछ।

(१०) आवेदक कुनै व्यक्ति भएमा पनि निजले माथि बुँदा नम्बर (१) देखि (८) सम्म तोकिएका आवश्यकता मध्ये बुँदा नम्बर (१) को संस्था गठन र (२) को शर्त वाहेक सबै शर्त पूरा गर्नुपर्नेछ। बुँदा नम्बर (१) को संस्था गठन र (२) को बदलामा आफूले मासु तथा मासुजन्य पदार्थ सम्बन्धी काम गरेको पुष्टी गर्ने आधिकारिक पत्र सम्बन्धित वडा कार्यालयबाट लिई सक्कल कागजात निवेदनसाथ पेश गर्नुपर्नेछ।

**ग. प्रस्तावकले पूर्ण प्रस्तावमा पेश गर्नुपर्ने विवरण, कागजात वा प्रमाणहरु र मूल्याङ्नका आधारहरु :**

योग्यताको आधारमा छनौट भएका आवेदकहरुले पूर्ण प्रस्ताव पेश गर्नु पर्दा प्रस्तावकले पूर्ण प्रस्तावमा माथि उल्लेख गरेका कागजातका अलावा निम्नलिखित कागजात वा प्रमाण समेत पेश गर्नुपर्नेछ :–

(१) आवेदक वा प्रस्तावकले आवेदकको तर्फबाट योजनाको कूल लगानी मध्येबाट पालिकालाई

राजस्व स्वरुप कति प्रतिशत रकम बुझाउने हो वा बार्षिक कति रकमका दरले बुझाउने हो?
सो कुरा पूर्ण प्रस्तावमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्नेछ। पालिकालाई सबैभन्दा बढी रकम
बुझाउनेलाई प्राथमिकता दिइनेछ।

(२) आवेदक वा प्रस्तावकले स्थानीय वा बाहिरी जिल्लाका कुन कुन श्रोतबाट राँगा, पाडा वा थारा
भैंसी ल्याउने हो? ती पशु सप्लाई गर्ने ब्यक्ति वा संस्था वा सहकारीबाट समय र संख्या तोकी
पशु सप्लाई गर्न मञ्जुर गरेको गठबन्धनको संझौतापत्रको सक्कल नै पूर्ण प्रस्तावका साथ पेश
गर्नु पर्नेछ (अनुसूची –२२ बमोजिम)।

(३) प्रस्तावकले आफूले रोजेको बैङ्कबाट ऋण दिन स्वीकार गरेको पत्रको सक्कल नै पेश गर्नुपर्नेछ।

(४) पेश गरेको पूर्ण प्रस्तावमा कम्तिमा २५ % महिला कामदार हुनुपर्नेछ तर कुनै पनि महिलालाई
वध सम्बन्धित कार्यमा सम्लग्न गराउँन पाइनेछैन।

(५) पेश गरेको पूर्ण प्रस्तावमा सामाजिक, वातावरणीय सुरक्षाको पूर्ण रुपले पालना गर्ने प्रतिबद्धता
गरेको लिखितपत्रको सक्कल पेश गर्नु पर्नेछ।

(६) पूर्ण प्रस्ताव (प्राविधिक,वातावरणीय र आर्थिक प्रस्ताव) को मुल्याङ्कन गर्दा प्राविधिक,वातावरणीय
र आर्थिक प्रस्तावका लागि अङ्क भार क्रमशः ६०, १० र ३० हुनेछ। वातावरणीय प्रस्तावलाई
पनि प्राविधिक प्रस्ताव मैं गणना गरिनेछ। प्राप्त भएका पूर्ण प्रस्तावको मुल्याङ्कनका आधारहरु
तालिका नं १ मा दिइए बमोजिम हुनेछन्। प्रस्तावकले यिनै मुल्याङ्कनका आधारका बुँदाहरुलाई
मूख्य सूचक वा आधार मानी प्रस्ताव पेश गर्नुपर्नेछ।

**तालिका नं १**
**पूर्ण प्रस्तावको मुल्याङ्कनका आधारहरु**

| सि नं | सुचकहरु | अधिकतम् अङ्क भार | मूल्याङ्कन गर्दा प्राप्त गरेको अङ्क |
|---|---|---|---|
| | **प्राविधिक प्रस्तावको मुल्याङ्कनका आधारहरु** | | |
| १ | वधशाला संचालन तथा व्यवस्थापन क्षमता ( प्रस्तावक संस्थाले पेश गरेका कागजातको आधारमा – सम्बन्धित कामको अनुभव, आधारभूत आवश्यकताका चीजको उपलब्धता, मानवीय संसाधनको उपलब्धता, वित्तीय कारोवारको अवस्था ) | १५ | |
| २ | **गठबन्धनः** प्रस्तावक संस्थाले राँगा, पाडा वा थारा भैंसी खरीद गर्ने संख्या, अवधि तोकी राँगा, पाडा वा थारा भैंसी बिक्री गर्ने संस्था, समूह, समिति वा व्यक्तिहरुसंग गरेको सम्झौताको संख्याको आधारमा र सम्झौता गरेको संस्थाको विश्वसनीयता,मासुको लक्षित बजार | १५ | |
| ३ | साझेदारको आर्थिक क्षमता, व्यवस्थापकीय तथा प्राविधिक पक्षहरु (आर्थिक सवलता, बर्षै भरी वधशाला सञ्चालन गर्न सक्ने क्षमता, नयाँ प्रविधि प्रयोग गर्ने क्षमता, व्यवस्थापकीय पक्षः परि आएका समस्या समाधान गर्नसक्ने क्षमता | १० | |
| ४ | उत्पादन बृद्धि र मासुको विविधिकरण गर्ने सोच, मूल्य अभिबृद्धि योजना, व्यवसायिक तथा सामाजिक उत्तरदायित्व वहन गर्ने सोच, कर्मचारी, कामदारको भूमिका स्पष्ट भएको | ५ | |
| ५ | आवेदकको तर्फबाट योजनाको कूल लगानी मध्ये पालिकालाई राजस्व स्वरुप  बुझाउने रकमको अंश प्रतिशतमा वा बुझाउने बार्षिक रकम स्पष्ट भएको | ५ | |
| ६ | प्रस्तावक संस्थाले विगतमा सरकारी वा अन्य कुनै संघ संस्थाबाट १० लाख भन्दा बढि ऋण, अनुदान लिए नलिएको | ५ | |
| ७ | सामाजिक समावेशीकरण | ५ | |
| | **प्राविधिक प्रस्तावको जम्मा** अङ्क | **६०** | |
| | **वातावरणीय प्रस्ताव को मुल्याङ्कनका आधारहरु** | | |
| १ | वातावरण संरक्षण, जलवायु मैत्री प्रविधिको प्रयोग सम्बन्धी पक्षहरु (गोठ, मल, मूत्र आदिको उचित व्यवस्थापन तथा उपयोग) | ५ | |
| २ | वैकल्पिक उर्जाको प्रयोग, दिगोपन, नकारात्मक असर वा | ५ | |

| | | | |
|---|---|---|---|
| | जोखिमको असर न्यूनिकरणको योजना, सामाजिक सुरक्षा गर्ने कार्य, आदि | | |
| | **वातावरणीय प्रस्तावको जम्मा अङ्क** | **१०** | |
| | **आर्थिक प्रस्तावको मुल्याङ्कनका आधारहरु** | | |
| १ | मासु वा मासुजन्य व्यवसाय सम्बन्धी कामको अनुभव, बजार विश्लेषण, कम्तिमा १ बर्षको नगद परिचालनको अवस्था | १० | |
| २ | लाभ लागतको विश्लेषण र ब्रेक इभन प्वाइन्टको आधार | १० | |
| ३ | भविष्यमा मासु वा मासुजन्य पदार्थको व्यापार फैलाउने योजना भए नभएको | ५ | |
| ४ | वास्तविकतामा आधारित भै मासु वा मासुजन्य पदार्थको व्यापार टिकाउ हुने आधारहरु | ५ | |
| | **आर्थिक प्रस्तावको जम्मा अङ्क** | **३०** | |
| | **पूर्ण प्रस्तावको कूल अङ्क** | **१००** | |

**घ. पूर्ण प्रस्तावको मूल्याङ्कन गर्न मुल्याङ्कनकर्ताको योग्यता र शर्तहरुः**

**(१)** पूर्ण प्रस्तावको मूल्याङ्कन गर्ने मुल्याङ्कनकर्ता पूर्ण प्रस्ताव तयार गर्न कुनै पनि हिसाबले आवेदकसंग सम्लग्न भएको हुनुहुदैन ।

(२) मुल्याङ्कनकर्ता पूर्ण प्रस्तावकको नाता सम्बन्धको व्यक्ति हुनुहुदैन ।

(३) पूर्ण प्रस्तावकले मुल्याङ्कनकर्तासंग भेटगर्ने वा प्रलोभनमा पार्ने प्रयाश गरेको भए त्यस्तो अवस्थामा मुल्याङ्कनकर्ताले पूर्ण प्रस्तावको मूल्याङ्कन नगरी संपूर्ण कागजात गाउँपालिकामा फिर्ता गर्नुपर्नेछ ।

**ङ. पूर्ण प्रस्तावको मूल्याङ्कन प्रकृयाः**

(१) पूर्ण प्रस्तावको प्राविधिक प्रस्तावको पूर्णाङ्क ६० अङ्कको, आर्थिक वा वित्तीय प्रस्तावको पूर्णाङ्क ३० अङ्कको र वातावरणीय प्रस्तावको पूर्णाङ्क १० अङ्कको गरी जम्मा १०० पूर्णाङ्कको हुनेछ ।

(२) सार्वजनिक –निजी साझेदारीमा वधशाला सञ्चालन तथा व्यवस्थापन कार्य कार्यान्वयन गर्ने योजनाको खरीद प्रकृयाको खण्ड (ख), (ग) र (घ) मा उल्लेख गरिएबमोजिम पूर्ण प्रस्तावको मूल्याङ्कन गरिनेछ ।

(३) प्राविधिक,वातावरणीय र आर्थिक प्रस्तावका मुल्याङ्कनका आधारहरुको विस्तृत वर्गीकरण गरी गाउँ कार्यपालिकाले पहिले नै स्वीकृत गरी गोप्य तवरले राख्नेछ र सो वर्गीकरण सहितको प्रस्ताव मुल्याङ्कनका आधारहरुको लिष्ट, विशेषता (Criteria) र निर्णय गर्ने आधारहरु (Decision

rules) समेत गाउँपालिकाले मुल्याङ्कनकर्तालाई उपलब्ध गराउनेछ ।

(४) मुल्याङ्कनकर्ताले आफूलाई उपलब्ध गराइएको मुल्याङ्कनका आधारहरुको विस्तृत वर्गीकरण अनुसार प्रस्तावको मुल्याङ्कन गरी सुझाव सल्लाह सहितको प्रतिवेदन र सम्पूर्ण कागजातहरु गाउँपालिकामा फिर्ता बुझाइदिनु पर्नेछ ।

(५) मुल्याङ्कनकर्ताबाट प्राप्त अङ्क र निजबाट प्राप्त सुझाव सल्लाहको आधारमा गाउँपालिकाले नतिजा  प्रकाशन गर्नु पर्नेछ ।

(६) नतिजा प्रकाशन गरे पछि कुनै प्रस्तावकर्ताले मुल्याङ्कनमा चित्त नबुझी मुल्याङ्कन गरेको विस्तृत आधारहरु हेर्न गाउँपालिकालाई लिखित रुपमा अनुरोध गरेमा निजलाई  गाउँपालिकाले मुल्याङ्कन गरेको विवरण र मुल्याङ्कनकर्ताले दिएको सुझाव सल्लाह समेत देखाइदिने व्यवस्था मिलाइ दिनु पर्नेछ । तर निज प्रस्तावकर्ताले मुल्याङ्कन गरेको कपीको छायाकपी गर्न वा फोटो खिच्न वा स्क्यान गर्न पाउने छैन । तर यस्तो प्रस्तावकर्ताले अरुको मुल्याङ्कन गरेको विवरण हेर्न पाउने छैन।

**च. संझौता-पत्र :**

(१) गाउँपालिकाले छनौट भएको साझेदारसँग द्विपक्षीय संझौता गरी लागू गर्नु पर्नेछ ।

(२) सम्झौतापत्रको ढाँचा अनुसूची –१९ मा दिइएबमोजिम हुनेछ ।

(३) संझौता गर्नु पूर्व गाउँपालिकाले संझौतामा उल्लेख गरिने शर्तहरु एंव अन्य विषयका सम्बन्धमा आवश्यकता अनुसार कानुनी सल्लाह लिन सक्नेछ ।

(४) संझौता-पत्रमा गाउँपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृतले र सम्बन्धित शाखाका प्रमुखले दस्तखत गर्नु पर्नेछ र साझेदारी संस्थाको तर्फबाट संस्थाको व्यवस्थापक वा निजले अख्तियार सुम्पेको व्यक्तिले दस्तखत गर्नु पर्नेछ र  संस्थाको सदस्य –सचिव साक्षीको रुपमा रहनु पर्नेछ ।

(४) बुँदा नम्बरा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि  नीतिगत महत्वका लागि संझौता-पत्रमा  गाउँपालिकाको प्रमुखले हस्ताक्षर गरी प्रमाणित गर्नेछन् । यसरी हस्ताक्षर भएको संझौता-पत्रको साक्षीमा अन्य एक जनालाई पनि थप गरी राख्न सकिनेछ ।

(५) हस्ताक्षर गरेको संझौता-पत्र ३ (तीन) वटा हुनेछ , त्यसमध्ये १ प्रति वधशाला संचालकले, १ प्रति पालिकाको प्रमुख प्रशासकीय अधिकृतले र १ प्रति पालिकाको लेखा प्रमुखले राख्नेछन् ।

**छ. विवाद समाधान :**

वधशाला सञ्चालनका क्रममा कुनै विवाद उत्पन्न भएमा सरोकारवाला पक्षहरु बीच बार्ताद्धारा विवाद समाधान गर्न सकिनेछ । आपसी वार्ताद्वारा समाधान हुन नसकेमा प्रचलित कानून बमोजिम विवादको समाधान गरिनेछ ।

**ज. शुल्क उठाउन पाउनेः**

अनुमति प्राप्त साझेदार व्यक्ति, संस्था वा कम्पनीले आफुले सञ्चालन वा व्यवस्थापन गरेको वधशालाबाट कसैलाई सेवा सुविधा उपलब्ध गराए वापत सम्झौतामा उल्लेख गरिए बमोजिम शर्तहरुको अधिनमा रही गाउँ कार्यपालिकाले निर्धारण गरेको शुल्क उपभोक्तासंग उठाउन सक्नेछ ।

**झ. अन्य सेवा शुल्क, दस्तुर वा राजश्व आदिको पुनरावलोकनः**

अन्य सेवा शुल्क, दस्तुर, रोयल्टी वा राजश्व आदिको पुनरावलोकन मरिण गाउँपालिकाको आर्थिक नीतिमा उल्लेख भए बमोजिम गरिनेछ ।

**ञ. कर छुट मिनाह तथा वृद्धि :**

गाउँपालिकाले योजनाको प्रकृति, विशेषता र अवस्था हेरी गाउँसभाबाट पारित बार्षिक बजेट, नीति तथा कार्यक्रमको अधीनमा रही सार्वजनिक-निजी साझेदारी योजनाको लागि कर छुट वा मिनाह वा वृद्धि गर्न आवश्यक भएमा कर सम्बन्धी ऐनमा व्यवस्था गरी कर छुट वा वृद्धि गर्ने सक्नेछ ।

**ट.** बिकी मूल्य निर्धारण :

पशु वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न अनुमति प्राप्त साझेदार व्यक्ति वा संस्थाले वधशालावाट उत्पादित राँगा, पाडा वा भैंसी जातिको मासुको थोक तथा खुद्रा मूल्य स्थानीय बजार मूल्यलाई समेत आधार लिई गाउँ कार्यपालिकाले तोकिए बमोजिमको समितिले बर्षको २ पटक निर्धारण गर्नेछ ।

**ठ.बिड बण्ड/धरौटी रकम**

व्यक्ति, फर्म वा कम्पनीहरुले प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्दा गाउँपालिकालाई बुझाउन कवोल गरेको कुल रकमको २.५ प्रतिशतले हुन आउने रकम बराबरको बीड बण्ड पेश गर्नु पर्नेछ ।

**ड. पर्फरमेन्स बण्ड :**

साझेदारीमा योजना कार्यान्वयनको लागि छनौट भएको व्यक्ति, फर्म वा कम्पनीहरुले सम्झौता गर्न आउँदा गाउँपालिकालाई बुझाउन कवोल गरेको कुल रकमको १० प्रतिशतले हुन आउने रकम बराबरको परफरमेन्स  बण्ड पेश गर्नु पर्नेछ ।

**ढ. राँगा वा पाडा उत्पादनको लागि कृषक समूह, कृषक समिति वा सहकारी संस्थासंग करार गर्न सक्ने :**

(१) वधशाला सञ्चालन तथा व्यवस्थापन कार्य गर्ने साझेदार संस्था, कम्पनी वा व्यक्तिले वधशालाको लागि दैनिक रुपमा आवश्यक पर्ने राँगा, पाडाको अविच्छिन्न रुपमा आपूर्तिका लागि साझेदार संस्था, कम्पनी वा व्यक्तिले मरिण गाउँपालिका र छिमेकका अन्य गाउँपालिकाहरुका पशुपालक कृषक, कृषक समूह, कृषक समिति वा कृषक सहकारी संस्थासंग करारनामा गरी पशुको आपूर्ती गर्न सक्नेछ ।

(२) संस्थासंग करारनामा गर्दा दुबै पक्षलाई लाभ हुने गरी गर्नुपर्नेछ ।

(३) कृषक समूह, कृषक समिति वा सहकारी संस्थासंग गठबन्धन करारनामा गर्दा खास गरी पाडा हुर्काउने कार्यलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) बुँदा नम्बर (२) मा उल्लेख भए बमोजिम गरिएको करारनामा अनुसार सम्बन्धित पक्षले आफूले कबोल गरे बमोजिम वधशाला संचालकलाई राँगा, पाडा उपलब्ध गराउँनु पर्नेछ र वधशाला संचालकले हरेक १५।१५ दिनमा सम्बन्धित कृषक, कृषक समूह, कृषक समिति वा सहकारी संस्थालाई खरीद गरेको पशुको रकम भुक्तानी दिनु पर्नेछ । पशु उपलब्ध गराएको मितिले ३०( तीस) दिनसम्म खरीद गरेको पशुको रकम भुक्तानी दिन नसकेमा बैंकको प्रचलित ब्याजदर अनुसारको ब्याज समेत थप गरी संचालकले सरोकारवालालाई मूलधन र पूरै अवधीको व्याज समेत भुक्तानी दिनु पर्नेछ ।

(५) बुँदा नम्बर (१) र (२) मा उल्लेख भए बमोजिम करारनामा गरी पाडापालन गरिरहेका पशुपालक कृषक, कृषक समूह, कृषक समिति वा सहकारी संस्थाका पशुको समय समयमा निःशुल्क जाँच गर्ने, खोप लगाइदिने जिम्मेबारी पालिकाको सम्बन्धित शाखाको हुनेछ भने पशुलाई आवश्यक पर्ने जुकाको औषधी, खनिजतत्व र भिटामिन वधशाला सञ्चालकले निःशुल्क उपलब्ध गराउँनु पर्नेछ । तर संक्रामक वा अन्य रोग लागेको खण्डमा कृषक आफैले पशुको उपचार गर्नु पर्नेछ

**ण. थप भौतिक संरचनाको व्यवस्थाः**

(१) आफूलाई उपलब्ध श्रोत साधनको आधारमा गाउँपालिकाले वधशाला सञ्चालन वा व्यवस्थापन गर्न अपुग भएका अति आवश्यक पर्ने भौतिक संरचनाहरु क्रमिक रुपमा निर्माण गर्दै जानेछ ।

(२) आवेदक वा प्रस्तावकले गाउँपालिकाबाट थप भौतिक संरचना बनाइदिनका लागि माग गर्न चाहेको भए सोका लागि प्रस्तावमा पनि उल्लेख गर्न सक्नेछ ।

**त. संरचना निर्माण गर्न नपाउनेः**

(१) कुनै पनि साझेदार संस्था, कम्पनी वा व्यक्तिले गाउँपालिकाको स्वामित्वमा रहेको वा गाउँपालिकाले उपलब्ध गराएको जग्गा जमिनमा कुनै पनि प्रयोजनका लागि स्थायी संरचना बनाउन पाउने छैन ।

(२) यदि साझेदार संस्था वा व्यक्तिले वधशाला सञ्चालन तथा व्यवस्थापनका लागि अस्थायी टहरा

बनाउन आवश्यक परेको व्यहोरा देखाई गाउँपालिकामा निवेदन दिएमा गाउँपालिकाले समय सीमा तोकी निवेदनमा उल्लेख गरिए बमोजिमको अस्थायी टहरा बनाउन निवेदकलाई अनुमति दिन सक्नेछ ।

(३) बुँदा नम्बर (२) मा उल्लेख भए बमोजिम बनाइएको अस्थायी टहरा साझेदारको सम्झौता अवधि समाप्त भै सम्झौता नविकरण पनि नगरेमा सम्झौता अवधि समाप्त भए लगत्तै साझेदारले आफैले हटाउनु पर्नेछ । अन्यथा गाउँपालिकाले सो अस्थायी टहरा विना शर्त उपयोग गर्न सक्नेछ ।

**थ. मर्मत संभार गर्नुपर्ने :**

(१) गाउँपालिकाको स्वामित्वमा रहेको वा गाउँपालिकाले उपलब्ध गराएको वधशाला वा वधस्थल वा सो कार्यसंग सम्बन्धित संरचनाहरुको दैनिक सरसफाई गर्ने, औजार उपकरणको संरक्षण वा सामान्य मर्मत गर्ने जिम्मेबारी साझेदारको हुनेछ ।

(२) यदि वधशाला सञ्चालन वा व्यवस्थापनको क्रममा भएको संरचनात्मक क्षतिको हकमा साझेदार संस्थाले नै आफ्नो खर्चमा मर्मत गर्नु पर्नेछ ।

(३) भूकम्प वा दैवी प्रकोपका कारण वधशाला वा वधस्थलको संरचनाहरुको क्षति भएको खण्डमा गाउँपालिकाले नै मर्मतको व्यवस्था मिलाउनु पर्नेछ, साझेदारले मर्मत खर्च व्यहोर्न बाध्य हुने छैन।

**द. सम्झौता रद्द हुने अवस्थाः**

(१) कुनै पक्षले गरेको सम्झौताको कुनै शर्त भङ्ग गरेमा

(२) गाउँपालिकाको जिम्मेबारी अन्तरगतको बुँदा नंम्बर (८) र (९) मा उल्लेखित अवस्था आएमा गाउँपालिकाले साझेदारसंग गरेको सम्झौता रद्द गर्न सक्नेछ ।

**ध. साझेदारले लिखित जानकारी गराउँनु पर्ने :**

(१) वधशाला सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिएको साझेदार संस्था वा व्यक्तिले अपर्झट वधशाला बन्द गरी छाडेर जान पाउने छैन ।

(२) कुनै कारणले वधशाला सञ्चालन तथा व्यवस्थापनको जिम्मा लिएको साझेदारले सम्झौता नवीकरण नगर्ने सोच गरेमा सो बारे गाउँपालिकालाई तीन महिना अगाडि नै लिखित रुपमा जानकारी गराउनु पर्नेछ ।

(३) साझेदारले अपर्झट वधशाला बन्द गरी छाडेर गएमा प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**न. वार्ताद्वारा सोझै वधशाला संचालन तथा व्यवस्थापन कार्य गर्न सक्नेः**

(१) सम्झौता गरी काम गरिरहेको साझेदार संस्था वा व्यक्तिले अपर्झट वधशाला बन्द गरी छाडेर गएमा नागरिकलाई मासुको आपूर्ती अविछिन्न रुपले गराउन गाउँपालिकाले प्रचलित ऐन

नियमको परिधी भित्र रही वार्ताद्वारा अस्थायी रुपमा कुनै व्यक्ति वा संस्थाबाट वधशाला संचालन कार्य गराउन सक्नेछ ।

(२) बुँदा नम्बर (१) मा उल्लेख गरिएबमोजिम अस्थायी रुपमा वधशाला संचालन तथा व्यवस्थापन गर्न गाउँपालिकाले ७ (सात) दिनको म्याद दिई कोटेसन माग गर्नेछ ।

(३) बुँदा नम्बर (२) मा उल्लेख गरिएबमोजिम गरी पर्न आएका कोटेसनहरु मध्ये प्राविधिक रुपमा सन्तोषजनक भएको र गाउँपालिकालाई बढी राजस्व रकम बुझाउन कबुल गरेको कुनै व्यक्ति वा संस्थासंग सम्झौता गरी पालिकाले वधशाला संचालन गराउन सक्नेछ ।

(४) बुँदा नम्बर (१) मा जे सुकैकुरा लेखिएको भए तापनि ६ महिना भित्र वधशाला सञ्चालन तथा व्यवस्थापनका लागि गाउँपालिकाले टेण्डर गरी उपयुक्त अर्को संस्था, फर्म, कम्पनी वा व्यक्तिको खोजी गर्नु पर्नेछ ।

## परिच्छेद – ६
## विविध

८. **वातावरणीय व्यवस्थापनः**

(१) व्यवस्थित पशु वधशाला योजना तर्जुमा भई पशु वधशाला योजनाको निमार्ण कार्य शुरुवात गर्नु अघि नै पालिकाले वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ को अधिनमा रहि आवश्यक वातावरणीय परीक्षण प्रतिवेदन तयार पार्नुपर्नेछ ।

(२) स्वीकृत वातावरणीय परीक्षण प्रतिवेदन अनुसार वातावरणमा कम भन्दा कम प्रतिकूल प्रभाव पर्ने गरी वधशालाको डिजाइन, स्टमेट गराई आवश्यक मापदण्ड भित्र रही वधशाला निर्माण र सञ्चालन गर्नु पर्नेछ ।

(३) वधशाला सञ्चालकले वातावरणीय पक्षहरुको व्यवस्थापन सम्बन्धी अनुगमन र मूल्याङ्कन सम्बन्धि वार्षिक प्रतिवेदन गाउँपालिका लगायत सरोकारवाला निकायहरुमा नियमित रुपमा पेश गर्नुपर्नेछ ।

(४) वधशाला सञ्चालनबाट वधशाला नजिकका व्यक्तिको जनस्वास्थ्यमा कुनै प्रतिकूल असर परेमा वा वातावरणीय क्षति भएमा सञ्चालक पक्षले प्रचलित कानून बमोजिम क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

९. **बिमा**:

(१) वधशाला सञ्चालन र व्यवस्थापन सम्बन्धी कार्य गर्दा कुनै संसाधन वा कर्मचारीलाई जोखिम हुन सक्ने सम्भावना छ भन्ने महशुस गरेमा त्यस किसिमको जोखिम व्यवस्थापन गर्न वधशाला सञ्चालकले आवश्यकता हेरी ती संसाधनको विमा गराउन सक्नेछ ।

(२) वधशाला सञ्चालकले वधशालामा काम गर्ने कामदार वा कर्मचारीको स्वास्थ्य बिमा गराउनु पर्नेछ ।

**१०. सचेतना तथा प्रशिक्षण कार्यक्रम संञ्चालन गर्ने :**

पशुवधशाला सञ्चालन र व्यवस्थापन सम्बन्धी जानकारी तथा प्रशिक्षण र वधशालाबाट तयार हुने स्वस्थ मासुको प्रयोगबाट समाजमा पर्ने सकारात्मक प्रभाव सम्बन्धी उपभोक्ता सचेतना अभिबृद्धिमा सहयोग पुग्ने किसिमको सूचनामूलक सामग्रीहरु जस्तै जिंगल/गित/विज्ञापन/डकुमेन्ट्री आदि तयार गरी प्रादेशिक वा स्थानीय स्तरको टि. भि . रेडियो, पत्रपत्रिकाबाट प्रशारण र प्रकाशनको लागि गाउँपालिकाले सचेतना विशेष कार्यक्रम संञ्चालन गर्न सक्नेछ ।

**११. नियमित, निरीक्षण, अनुगमन गर्नुपर्ने :**

(१) वधशाला सञ्चालन गर्ने व्यक्ति, कामदार वा संस्थाको जिम्मेवार व्यक्तिले हरेक दिन वधशालाको हरेक कक्षको निरीक्षण गर्नुपर्दछ । निरीक्षण गर्दा केही तल माथी भएको पाइएमा त्यसलाई तुरुन्त सच्याउने व्यबस्था मिलाउनु पर्दछ । निरीक्षण गर्दा के के हेर्ने हो त्यसको चेक लिष्ट बनाएर सञ्चालकबाट स्वीकृत गराई सोही अनुसार निरीक्षण गर्न सकिनेछ ।

(२) चिस्यान कोठा वा शीत भण्डारको तापक्रम सही भए नभएको जाँच गर्न एक जना कर्मचारीलाई तोकिदिनु पर्नेछ । यसरी तोकिएको व्यक्तिले सोको रेकर्ड दैनिक रुपमा राख्ने गर्नुपर्दछ । रेकर्ड गर्दा तापक्रम तल माथि भएको पाइएमा सो बारे व्यवस्थापकलाई तुरुन्त खवर गर्नु पर्नेछ ।

(३) प्रदेश, विभाग, पालिकाले तोकेको वा आधिकारिक निकायबाट खटिइ आएका व्यक्तिलाई आफ्नो वधशालाको निरीक्षण गर्नमा सहयोग गर्नु वधशाला सञ्चालकको कर्तव्य हुनेछ ।

**१२. अनुगमन तथा मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार :**

(१) सम्झौता बमोजिम वधशाला सञ्चालन तथा व्यवस्थापन के कसरी संचालन भैरहेको छ ? भनी स्थलगत अध्ययन, अनुगमन तथा मूल्याङ्कन गर्न गाउँपालिकाले एक वधशाला अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्नेछ ।

(२) बुँदा नम्बर (१) बमोजिम गठन भएको समितिमा निम्नबमोजिमका पदाधिकारी रहनेछन् :–

क. गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति ––– संयोजक
ख. विषय विशेषज्ञ वा भेटेरिनरियन ––– सदस्य
ग. इलाका प्रहरी कार्यालयका प्रतिनिधि ––– सदस्य
घ. उद्योग वाणिज्य संघ मरिण शाखाका प्रतिनिधि ––– सदस्य
ङ. उपभोक्ताको तर्फबाट प्रतिनिधि ––– सदस्य
च. कृषक समूह वा मासुसंग सम्बन्धित सहकारी संस्था मध्येबाट १जना प्रतिनिधि –––सदस्य
छ. गाउँपालिकाको प्रशासन शाखा प्रमुख ––– सदस्य–सचिव

यस बाहेक गाउँपालिकाको अध्यक्षलाई अन्य व्यक्ति वा प्रतिनिधिको आवश्यकता महशुस भएमा बढीमा २ जनालाई आमन्त्रण गर्न सक्नेछन् ।

(३) बुँदा नम्बर (२) बमोजिम गठन भएको समितिले प्राविधिक र व्यवस्थापकीय कार्यहरु यस कार्यविधिमा उल्लेख गरिएबमोजिम भए गरेको छ वा छैन ? वधशाला सञ्चालनमा परिआएका समस्या के के रहेछन्? आदि जस्ता विषयवस्तुको अध्ययन, अनुगमन तथा मूल्याङ्कन गरी आवश्यकता अनुसार वधशाला सञ्चालक /व्यवस्थापक/साझेदारलाई आवश्यक सल्लाह, सुझाव र आवश्यक परेमा लिखितरुपमा निर्देशन दिनसक्नेछ। वधशाला अनुगमन तथा मूल्याङ्कनको लागि समितिले प्रयोग गर्ने फारामको नमूना अनुसूची–१ मा दिइएको छ।

(४) बुँदा नम्बर **(२)** बमोजिम अनुगमन तथा मूल्याङ्कन समितिले दिएको सल्लाह, सुझाव वा निर्देशनको पालना साझेदार व्यक्ति, कम्पनी वा संस्थाले गर्नुपर्नेछ।

(५) अनुगमन तथा मूल्याङ्कन समितिले दिएको निर्देशन वधशाला सञ्चालक वा साझेदार संस्थाले तीन पटकसम्म पालना नगरेमा त्यस्तो साझेदार संस्था वा व्यक्तिलाई हटाइदिन समितिले गाउँपालिकालाई शिफारिस गर्न सक्नेछ।

(६) बुँदा नम्बर (५) बमोजिम अनुगमन तथा मूल्याङ्कन समितिले शिफारिस गरेमा त्यस्तो निर्देशन पालना नगर्ने साझेदारको सम्झौता गाउँपालिकाले विना शर्त खारेज गर्न सक्नेछ।

**१३. कार्यविधि उल्लङ्घन गर्न नपाउने/नहुने :**

(१) यो कार्यविधिको पालना गर्नु सबै सरोकारवालाको कर्तव्य हुनेछ।
(२) कसैले यो कार्यविधिको उल्लङ्घन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

**१४. प्रचलित कानून बमोजिम हुने :**

यस कार्यविधिमा लेखिएका विषयवस्तुको हकमा यसै कार्यविधि बमोजिम र यसमा उल्लेख नगरिएका प्राविधिक विषयवस्तुको हकमा गाउँपालिका र वधशाला सञ्चालक बीच गरिएको करारनामा पत्रमा उल्लेख भएबमोजिम हुनेछ। कानूनसंग सम्बन्धित अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१५. बाधा अड्काउ फुकाउने :**

यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्चन आइपरेमा अनुगमन तथा मूल्याङ्कन समितिको शिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

**१६. अनुसूची हेरफेर वा संशोधन गर्न सक्ने :**

गाउँ कार्यपालिकाले यो कार्यविधिको अनुसूची हेरफेर वा संशोधन गर्न सक्नेछ।

**१७. कार्यविधि संशोधन :**

यो कार्यविधिमा समय सापेक्ष संशोधन गर्न आवश्यक ठानेमा अनुगमन तथा मूल्याङ्कन समितिको शिफारिसमा गाउँ कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

अनुसूची– १

**वधशालाको प्राविधिक तथा व्यवस्थापकीय अनुगमन तथा मूल्याङ्कन गर्ने फारामको नमूना**

१. वधशालाको नाम र ठेगानाः
२. वधशाला संचालकको नामः
३. वधशालाको अनुगमन तथा मूल्याङ्कन गरेको मितिः
४. अनुगमन तथा मूल्याङ्कन समितिको टोलीका संयोजक तथा सदस्यहरुको नाम र पदः
 क.
 ख.
 ग.
 घ.
५.निरीक्षण गर्दा भेटिएको अवस्था र दिइएको सुझावको विवरण

| **क. सं** | **निरीक्षण गरेका विषय वा स्तर** | **हुनु पर्ने** | **भएको** | **दिइएको सुझाव** |
|---|---|---|---|---|
| १ | जैविक सुरक्षाको स्थितिः | | | |
| | बारबन्देज र परिसरको अवस्था | | | |
| | फोहोर व्यवस्थापन (दाना, घाँस, पानी, गोबर,लादी, फोहोरपानी निकासको अवस्था आदि) | | | |
| | आवश्यक संरचनाहरुको अवस्था र जमिनको पर्याप्तता | | | |
| | वधशालाको र व्यक्तिगत सरसफाईको अवस्था | | | |
| | पानीको पर्याप्तता र स्वच्छता | | | |
| २ | आरामकक्ष र लाएरेज व्यवस्थापन | | | |
| ३ | पशु वेहोस गर्ने प्रविधि | | | |
| ४ | वध पूर्वको परीक्षणको रेकर्ड | | | |
| ५ | पशु वेहोस गर्ने प्रविधि | | | |
| ६ | वध गर्ने तरिका र स्तर | | | |
| ७ | मासु निरीक्षकले राखेका मासु जाँच सम्बन्धी रेकर्डको स्तर र अवस्था | | | |
| ८ | काम अनुसार कामदार वा कर्मचारीमा भएको शीप | | | |
| ९ | मासु सुपरीवेक्षकले वधशाला निरीक्षण गरी मासु निरीक्षकलाई दिएको निर्देशन वा सल्लाहको विवरण | | | |
| १० | वधशालामा प्रयोग गरेका औजार, सामान वा उपकरणको अवस्था | | | |
| ११ | रोगी पशुको उपचारको व्यवस्थाको रेकर्ड | | | |
| १२ | कामदारको संख्या र कामदारलाई तालिमको व्यवस्था | | | |
| १३ | मासु राख्ने टेवल, तातो चिसो पानीको व्यवस्था | | | |
| १४ | मासु वाहिर पठाउने कक्ष वा ठाउँको | | | |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था | | | |
| १५ | मासु भण्डारण गर्ने ठाउँको अवस्था | | | |
| १६ | मासु ढुवानी गर्ने साधन र साधनको सरसफाइको अवस्था | | | |
| १७ | कामदारले पारिश्रमिक बुझेको रेकर्ड | | | |
| १८ | राँगा, पाडा वा थारा भैंसी आपूर्ती, वध गरेको दैनिक संख्या, मासु चलान गरेको रेकर्ड (संचालक वा व्यवस्थापकले राख्ने) | | | |
| १९ | राँगा, पाडा वा थारा भैंसी आपूर्तीको लागि करार गरेका व्यक्ति वा संस्थाबाट पाएको सहयोग | | | |
| २० | परिआएका समस्या | | | |
| २१ | समस्या समाधानका लागि गरेका प्रयासहरु | | | |
| २२ | समस्या समाधानका लागि गाउँपालिकाबाट वा अन्यत्रबाट दिन पर्ने सहयोग भए के के ? | | | |
| | क | | | |
| | ख | | | |
| | ग | | | |
| २३ | अनुगमन तथा मूल्याङ्कन टोलीले दिएको सुझाव वा निर्देशन | | | |
| | क | | | |
| | ख | | | |

मरिण गाउँपालिका

## अनुसुची – २
## वध पूर्व स्वास्थ्य परीक्षण गरेको पशुको विवरण

मितिः

| सि. नं | स्वास्थ्य परीक्षण गरेको पशुको किसिम | पशुको चिन्ह ( संकेत वा नाम) | वध गर्न | | | | शंका गरिएका रोग | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | योग्य | अयोग्य | | | | |
| | राँगा | | | | | | | |
| | भैंसी | | | | | | | |
| | पाडा | | | | | | | |

मरिण गाउँपालिका

## अनुसुची – ३

मासु निरीक्षकले राँगा, पाडा वा थारा भैंसी वध गर्नु अघि जाँच गरेको पशुको विवरण राख्ने नमूना

**Ante -mortem inspection sheet for buffaloes**

**AMI No.:-** Date of PMI:-

Received Date:-

1. Species of animal: - Sex:- Age: Colour: Breed: -
2. Owners name and address: -
3. 'Butcher's code' to identify the carcass:
4. Numbers of animals submitted to slaughter:
5. Date and time of AMI:
6. **Source and history of animal:**
7. **Clinical signs and symptoms observed :**
   - Posture:
   - Gait, lameness:
   - Respiration, forced respiration, behavior:
   - Discharges:
   - Odour:
   - Colour:
   - Protrusions:
   - Skin lesions (cyanosis, rash on the skin):
   - Salivation, swellings:

8. Condition of superficial lymph nodes
   - Mandibular:
   - Pre-scapular:
   - Popliteal (in sheep and goat):

9. **Emergency slaughter indicated if:-**
   a. Animal is in severe pain:
   b. Risks of some chemical changes in the body that will deteriorate the meat quality if hold for long time: …………………………………….
   c. Animal suffering from asphyxia (choking, tympanitis, broken or perforated trachea): ……………………………
   d. Animal bitten by a rabies suspected animal very recently

**10. Ante-mortem judgment:**

P (Passed)
ES (Emergency slaughter)
W (Withheld for treatment)
S (suspect) and
C (Condemned)
DD (destroyed and disposed or dead and disposed)

**11. AM judgment (with some reasons?)**

………………………………

Name of inspector:

Signature of Meat Inspector:

Date:

अनुसूची–४

## मासु निरीक्षकले वध गरेको राँगा, पाडा वा थारा भैंसीको विवरण राख्ने नमूना

**Post -mortem inspection sheet for buffaloes**

P.M.I No.:- Number of buffalo species received:

Received date:-

1. Species. : - Sex: - Breed: - Colour:-
2. Owners name and address: - Butcher's ID number (if any)
3. Date of PMI:-

---

4. External appearance:-
5. Symmetry of carcass:-
6. Mouth and pharynx:-
7. Nasal cavities:-
8. Parotid lymph node:-
9. Mandibular lymph node:-
10. Retropharyngeal lymph node:-
11. Bronchial: - Right: - Left:-
    Mediastinal lymph nodes:-
12. Pericardium and Heart:-
13. Liver and gall bladder:-
14. Hepatic lymph node: -
15. Mesenteric lymph nodes:-
16. Inguinal lymph nodes: - External: - Internal:-
17. Iliac lymph nodes: - External: - Internal:-
18. Popliteal lymph node (if found):-
19. Ischiatic lymph node:-
20. Lungs, heart, kidneys:-
21. Spleen:-
22. Endocrine glands:-

23: Parasites / parasite larvae in the muscles of heart/ diaphragm/ masseter, etc.:-

24: Any type of swelling / abscess, change in colour or deformities in organs or in carcass:-

25. Any other conditions:

26. Post-mortem judgment: -

...................................

Signature of inspector

Name of Meat Inspector:

Designation:

Date:

मरिण गाउँपालिका

## अनुसुची – ५

## वध गर्नु अघि राँगा, पाडा वा थारा भैंसी जाँच गर्ने कार्यविधि (नियमावलीको नियम ६ र ९, अनुसुची –५ मा उल्लेख भए बमोजिम)

पशु वधशालामा वध गर्न ल्याइएका राँगा,पाडा वा थारा भैंसी वध गर्नु अघि जाँच गर्नु कार्यविधि निम्नबमोजिम हुनेछ :–

(१) पशु वधशालामा वध गर्न ल्याइएका राँगा,पाडा वा भैंसी वध गर्नु अघि जाँच गर्दा संक्रामक रोगको लक्षण देखिएमा वधशालामा प्रवेशमा रोक लगाउँने,

(२) वध गर्न ल्याइएका राँगा,पाडा वा भैंसीमा संक्रामक रोग लागेको शंका लागेमा सो बारे मासु सुपरीवेक्षकलाई तुरुन्त सूचना गरी निजको निर्देशन अनुसार गर्ने ,

(३) पशु वध गर्नु अघि लाएरेजमा राँगा,पाडा वा भैंसी मरेमा रगत परीक्षण गरी पट्के रोग भए नभएको एकिन गर्ने ,

(४) पशु वध गर्नु अघि राँगा, पाडा वा भैंसीको चाल, स्वभाव, शारीरिक प्रतिकृया, छाला रौं लगायत शरीरको बाहिरी भागको अवस्था र बाहिरबाट देखिने अन्य लक्षणहरुको जाँच र रेकर्ड गर्ने ।

(५) पशु वध गर्नु पूर्व जाँच गर्दा कुनै राँगा,पाडा वा थारा भैंसीमा निम्नअवस्था भेटिएमा उक्त पशु वध गर्नु हुदैन :–

(क) कुनै संक्रामक रोगको लक्षण देखिएमा (ख) ज्वरो आएको भएमा,
(ग) सुकेनासको स्थिति भएमा (घ) भैंसी गर्भवती भएको कुनै लक्षण देखिएमा,
(ङ) अन्य कुनै कारणबाट मर्न लागेको भएमा ।

(६) आवश्यक देखिएमा पशुको थप जाँच गरी रेकर्ड गर्ने ।

(७) निरीक्षणको क्रममा राँगा, पाडा वा भैंसीमा पशु वधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ को अनुसूची –५मा उल्लेख गरिएका कुनै संक्रामक रोगको लक्षण देखिएमा वा रोगको शंका लागेमा त्यस्तो पशुलाई वध गर्न रोक लगाउने ।

(८) पशु वध गर्नु अघिको जाँच सकिए पछि मासु निरीक्षकले वध गर्न स्वीकृत, वध गर्न नहुने, उपचार पछि वध गर्न सकिने, आपदकालिन वध गर्न स्वीकृत, शंकास्पद राँगा,पाडा वा थारा भैंसी भएकोले मासु निरीक्षकको निग्रानीमा मात्र वध गर्नु पर्ने, तुरुन्त नष्ट गर्ने भनी वर्गीकरण गर्ने । शंका गरिएका पशुको विस्तृत प्रतिवेदन तयार गरी राख्ने । मासु निरीक्षकले राख्नु पर्ने दैनिक लगतको विवरण अनुसुची –११ मा दिइए बमोजिम हुनेछ

(९) यदि कसैले वधशाला व्यवस्थापन भन्दा बाहिरको पशु वध गर्न ल्याएको भए सोको विवरण अनुसुची – ७ मा दिइएबमोजिम हुने गरी राख्नुपर्नेछ ।

(१०) अन्य कार्यविधिको हकमा नियमावलीमा र पशुवधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ मा उल्लेख गरिएबमोजिम गर्नुपर्नेछ ।

## अनुसुची – ६

### वध गरिसकेपछि मासुको परीक्षण गर्ने कार्यविधिः (नियमावलीको नियम १०, अनुसुची –६ मा उल्लेख भए बमोजिम)

(१) पशु वधशालामा राँगा,पाडा वा थारा भैंसीको वध गरिसकेपछि मासु परीक्षण गर्ने कार्यविधि नियमावलीको नियम १०, अनुसुची-६ मा उल्लेख भएबमोजिम हुनेछ।

(२) मासु निरीक्षकले वध गरिएको राँगा, पाडा वा थारा भैंसीको बाहिरी र भित्री भाग र मूख्य मूख्य लिम्फनोडहरुको जाँच गर्नुपर्नेछ।

(३) वध गरिएको राँगा, पाडा वा थारा भैंसीको मुटु, फियो, कलेजो, मृगौला, फोक्सो लगायत सबै अङ्गहरुको जाँच गर्नु पर्नेछ।

(४) अति आवश्यक महशुस नगरेमा आन्द्रा, भुँडी र मेसेन्टेरिक लिम्फनोडहरु काट्नु हुदैन। यदि काट्नु पर्ने महशुस गरेमा अलग्ग चक्कुको प्रयोग गरी काटी जाँच गर्नुपर्नेछ।

(५) वध गरिसकेपछि मासुको परीक्षण गर्ने कार्य सकिए पछि मासु निरीक्षकले खान योग्य भएकोले स्वीकृत भनी नियमावलीको नियम १५, अनुसुची –१० मा उल्लेख भए बमोजिम छाप लगाउने, खान अयोग्य कुनै भाग भए खान अयोग्य भाग हटाई बाँकि भागलाई स्वीकृत भनी नियमावलीको नियम १५, अनुसुची –१० मा उल्लेख भए बमोजिम छाप लगाउने, खास क्षेत्रमा मात्र खान सकिने, खान अयोग्य भनी अस्वीकृत, शंकास्पद भएकोले चिसोमा राखी २४ घण्टा पछि निर्णय दिने भनी वर्गीकरण गर्नुपर्नेछ।

(६) योग्यता पुगेको मासु निरीक्षकले वध गरेको राँगा, पाडा वा थारा भैंसीको विवरण राख्ने नमूना अनुसुची – ४ मा दिइए बमोजिम हुनेछ। मासु निरीक्षकले पूर्णरुपमा हटाउनु पर्ने मासुको अवस्था अनुसुची –८ मा दिइएबमोजिम हुनेछ। नष्ट गरिएका अंग/ मासुको भागको विवरण अनुसुची – ९
मा दिइए बमोजिम हुनेछ। कुनै खतरनाक रोगको शंका भै पूर्ण परीक्षण गरी एकिन गर्नु पर्ने भए सोका
लागि नमूना लिई प्रयोगशालामा परीक्षण गर्न पठाएका शंकास्पद मासुका नमूनाको लगत अनुसुची – १०मा दिइए बमोजिम राख्नुपर्नेछ।

## अनुसूची- ७

### वधशाला व्यवस्थापन भन्दा बाहिरको पशु वध गर्न ल्याएको विवरण

**मितिः / /**

| सि. नं | वध गरिएको पशुको किसिम | पशुको चिन्ह ( संकेत वा नाम) | वधशाला व्यवस्थापन बाहिरको पशुभए वध गर्न ल्याएको पशु धनीको नाम र ठेगाना | | कैफियत |
|---|---|---|---|---|---|
| | | | नम | ठेगाना | |
| | | | | | |
| | | | | | |
| | | | | | |

*पशु वधशाला रमासु जाँच प्राविधिक निर्देशिकाको दफा ११ उपदफा (४) सँग सम्बन्धित)*

## अनुसूची- ८
## मासु निरीक्षकले पूर्णरुपमा हटाउनु पर्ने मासुको अवस्था
(नियम १०को उपनियम (२) सँग सम्बन्धित)

(१) सेप्टिसेमीया (Septicemia)
(२) अत्यन्त दुब्लो अवस्था (Severe emaciation)
(३) जेनेरलाइजसड् इडिमा (Generalised edema)
(४) विषाक्त रगत भएमा (Toxaemia)
(५) ग्याङ्गिनस निमोनिया (Gangrenous pneumonia)
(६) सेप्टिक पेरिकाडाईटिस् (Septic Pericarditis)
(७) जेनेरलाइजसड क्षयरोग (Generalised tuberculosis)
(८) रगतमा पीपका कण भएको अवस्था (Pyaemia)

## अनुसूची- ९
## मासु निरीक्षकले राख्नु पर्ने दैनिक लगतको विवरण
## नष्ट गरिएका कुनै अंग/ मासुको भागको विवरण

| सि. नं | वध गरिएको पशुको किसिम | पशुको चिन्ह( संकेत वा नाम) | नष्ट गरिएका अंग/ मासुको भाग | शंका गरिएको रोग | प्रयोगशाला परीक्षण | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | गराएको | गएको | |
| | राँगा | | | | | | |
| | भैंसी | | | | | | |
| | पाडा | | | | | | |

*पशु वधशाला रमासु जाँच प्राविधिक निर्देशिकाको दफा ६ उपदफा (२)को (ख) र (ग) सँग सम्बन्धित)*

## अनुसूची-१०
## प्रयोगशालामा परीक्षण गर्न पठाएका शंकास्पद मासुका नमूनाको लगत

| सि. नं | नमूनाको | | वध गरीएको | | परीक्षण गर्न पठाएको | | | नतिजा प्राप्त | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | किसिम | संख्या | मिति | संकेत | प्रयोगशाला को नाम | मिति | माध्यम | मिति | विवरण | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

*पशु वधशाला रमासु जाँच प्राविधिक निर्देशिकाको दफा ६ उपदफा (२)को (छ) सँग सम्बन्धित*

## अनुसुची – ११

मासु निरीक्षकले दैनिक रुपमा पशु वध गरिसकेपछि खान योग्य नदेखिएको मासु र अन्य खेर जाने वस्तुहरु नष्ट गरेको विवरण राख्ने फारामको नमूना

**(Daily slaughter and condemnation report sheet )**

State/ Province: Bagamati

Municipality/ VRM: Marin Rural Municipality

Name of the slaughterhouse ……………………..

Address of the slaughterhouse: Marin RM ………..

**Daily slaughter and condemnation report sheet**

**Date**:

| **Butcher code no.** | **Sex of buffalol** | **No.of buffaloes slaughtered** | **Heart** | **Lungs** | **Liver** | **Kidneys** | **Spleen** | **Stomach / Intestine** | **Other organs or whole carcass condemned** | **Remarks** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | | | | | | | | | |
| | Female | | | | | | | | | |
| | Calf | | | | | | | | | |
| Total | | | | | | | | | | |

Condemned meat disposed by: ………………

Name of Meat Inspector: ……………………

Designation: …………………………..

Date: …………………..

## अनुसुची – १२

**मासु निरीक्षकले मासिक रुपमा मासु सुपरीवेक्षक समक्ष पेश गर्ने विवरण फारामको नमूना**

State/ Province: Bagamati

Municipality/ VRM: Marin Rural Municipality

Name of the slaughterhouse ……………………..

Address of the slaughterhouse: Marin RM …………

**Monthly slaughter and condemnation report sheet**

Total volume of Condemned Carcass (**in Kg**) Date:

| **Parts or organs** | **Buffalo** | **She - buffalo** | **buffalo calf** | **Remarks** |
|---|---|---|---|---|
| Heart | | | | |
| Lungs | | | | |
| Liver | | | | |
| Spleen | | | | |
| Kidneys | | | | |
| Stomach | | | | |
| Intestine | | | | |

| | | | | |
|---|---|---|---|---|
| Other organs | | | | |
| Total vol. in MT | | | | |
| Total number of carcass condemned ( in figure) | | | | |

Condemned meat disposed by: ……………..
Name of Meat Inspector: …………………..
Designation: …………………………..
Date: …………………..

## अनुसुची –१३
## वधशालामा प्रयोग गरिने पानीमा हुनुपर्ने क्लोरिनको मात्रा

- हात धुने पानीमा ५ देखि ७ पार्टस पर मिलिएन
- मासु धुने वा पखाल्ने पानीमा ५० पार्टस पर मिलिएन
- मासु काट्ने टेबुल पखाल्ने पानीमा १०० पार्टस पर मिलिएन
- हात खुट्टा धुने पानीमा २०० पार्टस पर मिलिएन ।
  तर तताइएको पानीमा क्लोरिन राख्नु वा प्रयोग गर्नु हुदैन ।

## अनुसूची –१४
### प्राप्त उजुरी वा गुनासोको विवरण

| क्रं सं | उजुरीकर्ताको नाम, ठेगाना, फोन नं | दर्ता मिति | उजुरी वा गुनासोको विषय | उजुरी वा गुनासोको विवरण | विवरण पेश गर्नेको नाम र दस्तखत | गुनासो सुन्ने अधिकारीको नाम र दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

गुनासो पेटिका खोल्ने व्यक्तिको नाम:
दस्तखत :
मिति:

रोहवरमा बस्नेको नाम:
दस्तखत :
मिति:

## अनुसूची –१५
### निर्णय वा समाधान भएका उजुरी वा गुनासोको विवरण

| क्रं सं | उजुरीकर्ताको नाम, ठेगाना, फोन नं | दर्ता मिति | उजुरी वा गुनासोको विषय | उजुरी वा गुनासोको विवरण | समाधानको विवरण | समाधान उपर उजुरीकर्ताको सन्तुष्टी ? |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विवरण पेश गर्नेको नाम
दस्तखत

गुनासो सुन्ने अधिकारीको नाम
दस्तखत

## अनुसूची– १६
## समाधान हुन नसकेका उजुरी वा गुनासोको विवरण

| क्र सं | उजुरीकर्ताको नाम, ठेगाना, फोन नं | दर्ता मिति | उजुरी वा गुनासोको विषय | उजुरी वा गुनासोको विवरण | समाधान हुन नसकेको कारणहरु | समाधान गर्न गरिएका प्रयाशहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

विवरण पेश गर्नेको नाम    गुनासो सुन्ने अधिकारीको नाम

दस्तखत    दस्तखत

मितिः    मितिः

## अनुसूची –१७
### मनसायपत्र आह्वानको सूचना र मनसायपत्र साथ आवेदकले पेश गर्नु पर्ने योग्यता सम्बन्धी विवरणको नमूना

यस गाउँपालिकाको आ. व.  को कार्यक्रम अनुसार यस गाउँपालिकाले निर्माण गरेको मिनिवधशालालाई सार्वजनिक-निजी साझेदारीको मोडलमा सञ्चालन गर्न लागिएको हुँदा सो मोडलमा उक्त वधशाला सञ्चालन तथा व्यवस्थापन गर्न ईच्छुक भै तपशिलबमोजिमको योग्यता पुगेका नेपाली नागरिक र आधिकारिक निकायमा दर्ता भएका संघ, संस्था, कम्पनी वा व्यक्तिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र तोकिएको ढाँचा अनुसारको आवेदनपत्र र योग्यता सम्बन्धी विवरण खोली मनसायपत्र यस गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त भएका निवेदन उपर कुनै कारवाही गरिने छैन । आवेदनपत्रमा आवेदकले रु १०। को टिकट टाँस गर्नु पर्नेछ ।
मनसायपत्रका साथ तपशिल अनुसारका कागजात विवरण संलग्न गर्न समेत यसै सूचना द्वारा जानकारी गराइन्छ ।

### तपशिल

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलापि
२. आधिकारिक निकायमा संघ, संस्था, कम्पनी वा फर्म दर्ता भएको प्रमाणित प्रतिलापि
३. संघ, संस्था, कम्पनी वा फर्म भए निवेदकको आधिकारीकताको सक्कलै पत्र
४. पशु वधशालामा अति आवश्यक पर्ने दक्ष, अर्धदक्ष कामदारका साथै पशु वधशालाको लागि व्यवस्थापक र लेखामा काम गर्ने व्यक्तिहरुको नाम, जिम्मेबारी र सम्पर्क नम्बर सहित स्पष्ट विवरण
५. प्रस्तावक संस्था, फर्म वा कम्पनी हाल मासु वा मासु सम्बन्धी व्यवसाय सन्चालन गरिरहेको भए सो व्यवसाय नाफा वा घाटामा चलेको देखिने कम्तिमा ६ महिनाको बैकिङ्ग कारोवारको स्टेटमेन्ट, पछिल्लो आ.व. को अडिट रिपोटको फोटोकपी, भ्याट वा प्यानमा दर्ता भएको प्रमाणपत्र र कर तिरेको कर चुक्ताको प्रमाण ।
   तर नयाँ दर्ता भएको संस्था भए यस किसिमको कागजात पेश गर्नु पर्नेछैन ।
६. प्रस्तावक संस्थाले कुनै बैङ्कबाट ऋण लिई व्यवसाय संचालन गर्न चाहेको भए आफूले धितो राख्ने सम्पति वा स्वामित्व प्रस्तावक संस्थाका कुनै सदस्यमा रहेको वा वित्तीय संस्थालाई सो संस्था, फर्म वा कम्पनीको प्रस्ताव

प्रचलित नियम अनुसार स्वीकार्य भएको प्रमाण ।

७. धितो राख्ने सम्पति जग्गा भए सो जग्गाको जग्गाधनी पूर्जाको प्रतिलिपी ।

८. कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको भनी आवेदकले स्वघोषणा गरेको लिखितपत्रको सक्कल पत्र । स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

९. आवेदक वा प्रस्तावकले २ बर्ष यता कुनै पनि बैंक, दातृ संस्था वा सरकारी निकायबाट हाल प्रस्ताव गरेको कामकै लागि रु १० लाख भन्दा बढी ऋण, अनुदान वा सो रकम बराबरको भौतिक सामग्री अनुदानको रुपमा नलिएको र ऋण दुरुपयोग नगरेको भनी आवेदकले स्वघोषणा गरेको लिखितपत्रको सक्कल पत्र । स्वघोषणा गर्ने लिखितपत्रको ढाँचा गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

अनुसूची –१८

मनसायपत्रको निवेदनको नमूना

श्रीमान अध्यक्षज्यू,

मरिण गाउँपालिकाको कार्यालय

.............................................. ।

विषयः मिनीवधशाला सञ्चालन तथा व्यवस्थापनको लागि मनसायपत्र पेश गरेको बारे ।

उपरोक्त विषयमा त्यस गाउँपालिकाको मिति ..............को राष्ट्रिय दैनिक ---- मा प्रकाशित सूचना अनुसारको मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन कार्य गर्न हाम्रो ---- (कम्पनी वा संस्थाको नाम) /म ईच्छुक भएको हँदा रु १० । को टिकट टाँसी प्रकाशित सूचनामा उल्लेख गरिएबमोजिमको विवरण र सोसंग सम्बन्धित कागजातहरु समेत संलग्न गरी यो मनसायपत्रको निवेदन पेश गरेका छौं / गरेको छु ।

मिति :

निवेदक

निवेदकको नामः

दस्तखतः

ठेगानाः

कम्पनी वा संस्थाको नाम ठेगाना :

कम्पनी वा संस्थाको छापः

अनुसूची –१९

**सार्वजनिक – निजी साझेदारीमा मिनी पशु वधशाला संचालन तथा व्यवस्थापन गर्ने कार्यको द्विपक्षीय सम्झौतापत्रको ढाँचा**

यस मरिण गाउँपालिकाको आ.व.        को बार्षिक कार्यक्रम अनुसार **सार्वजनिक – निजी साझेदारीमा मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन** कार्य गर्न गराउन परेकोले_मरिण गाउँपालिकाको कार्यालय ( यसपछि प्रथम पक्ष भनिने) र श्री -------------------- (यसपछि दोश्रो पक्ष भनिने) बिच तपशिलबमोजिमका शर्तहरुको परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं / गरिलियौं ।

**तपशिल**

१.दोश्रो पक्षले काम शुरु गर्नु भन्दा पहिले पर्फरमेन्स बण्ड वापत कूल रकमको १० प्रतिशत बराबरको रकम प्रथम पक्षले तोकिदिएको बैंक खातामा जम्मा गर्नेछ ।

२. प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्तावपत्रमा उल्लेख गरिए अनुसारका सम्पूर्ण कार्यहरु दोश्रो पक्षले उच्च गुणस्तर कायम गरी **सार्वजनिक – निजी साझेदारीमा  मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन गर्ने** कार्यविधिमा उल्लेख गरिएबमोजिम काम सम्पन्न गर्नेछ ।

३.कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने कच्चा पदार्थ (राँगा, पाडा, उपकरण आदि) को व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

४. दोश्रो पक्षले प्रथम पक्षलाई बुझाउन कबोल गरेको बार्षिक रकम मध्ये आधा रकम काम शुरु गरेको ६ महिना भित्र र बाँकि आधा रकम आर्थिक बर्षको अन्तिमसम्ममा बुझाउनु पर्नेछ ।

७. प्रथम पक्षले कुनै पनि समयमा वधशालामा भैरहेको कार्यको अनुगमन, निरीक्षण गरी सम्झौता बमोजिम काम भए नभएको हेर्न र आवश्यक सुझाव, सल्लाह वा निर्देशन दिन सक्नेछ ।

८. दोश्रो पक्षले वधशाला भएको स्थानमा सबैले देखिने स्थानमा कार्यक्रमको नाम, ठेगाना र पालिकाको नाम समेत उल्लेख गरेको बोर्ड राख्नुपर्नेछ ।

९. कार्यविधिमा उल्लेख गरे बमोजिम दोश्रो पक्षले वधशालामा सञ्चालन, मर्मत, व्यवस्थापन, जोखिम न्यूनिकरण गर्ने जस्ता कार्य गर्नुपर्नेछ ।

१०. कुनै कारणवस दोश्रो पक्षले वधशालामा सञ्चालन गर्न नसक्ने भएमा सोको विवरण खोली ३ ( तीन) महिना अगावै  प्रथम पक्ष समक्ष निवेदन दिनु पर्नेछ ।

११. दोश्रो पक्षले कार्य सञ्चालन गरिरहेको अवस्थामा कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु पर्ने भएमा दुवै पक्षको आपसी सहमति  अनुसार हुनेछ ।

१२.आफूलाई उपलब्ध श्रोतको आधारमा प्रथम पक्षले वधशाला सञ्चालन वा व्यवस्थापन गर्न अपुग भएका अति आवश्यक पर्ने भौतिक संरचनाहरु क्रमिक रुपमा निर्माण गर्दै जानेछ ।

१३. यस सम्झौतामा उल्लेख नभएका बिषयको हकमा प्रचलित कानून र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

| **दोश्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षर |
| नामः | नामः |

पदः
संस्था/व्यक्ति/कार्यालयः
संस्था/व्यक्ति/कार्यालयको छापः

पदः
कार्यालयः
कार्यालयको छापः

**साक्षी रहनेकोः**
हस्ताक्षरः
नामः
पदः
संस्था/व्यक्तिः
संस्था/व्यक्ति/कार्यालयको छापः

**साक्षी रहनेको :**
हस्ताक्षर
नामः
पदः
कार्यालयः
कार्यालयको छापः

इति सम्बत २०८ । । रोज शुभम् ।

नोटः *सम्झौता गर्ने समयमा सम्झौतामा केही बुँदाहरु थप गर्नु पर्ने देखिएमा दुवै पक्षको आपसी सहमतिमा बुँदाहरु थप गर्न सकिनेछ ।)*

अनुसूची –२०

**आवेदकले वित्तीय संस्था वा बैंकको कालो सूचीमा नपरेको स्वघोषणा गर्ने लिखितपत्रको नमूना**

श्रीमान अध्यक्षज्यू,

मरिण गाउँपालिकाको कार्यालय

............................................ ।

विषयः वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको स्वघोषणापत्र पेश गरेको बारे ।

उपरोक्त विषयमा त्यस गाउँपालिकाको मिति ..............को राष्ट्रिय दैनिक –––– मा प्रकाशित सूचना अनुसारको मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन कार्य गर्न हाम्रो –––– ( कम्पनी वा संस्थाको नाम) /म ईच्छुक भएको हँदा सोका लागि निवेदन पेश गरेका छौं / गरेको छु । हाम्रो –––– ( कम्पनी वा संस्थाको नाम)ले /मैले विगतमा कुनै पनि बैंक वा वित्तीय संस्थाबाट ऋण लिई ऋण रकम चुक्ता नगरेको कारणले बैंक वा वित्तीय संस्थाको कालो सूचीमा नपरेकोले यो स्वघोषणापत्र पेश गरेका छौं / गरेको छु ।
मिति :

निवेदक

निवेदकको नामः
दस्तखतः
ठेगानाः
कम्पनी वा संस्थाको नाम ठेगाना :
कम्पनी वा संस्थाको छापः

अनुसूची –२१

**आवेदकले ऋण, अनुदान नलिएको र ऋण दुरुपयोग नगरेको स्वघोषणा गर्ने लिखितपत्रको नमूना**

श्रीमान अध्यक्षज्यू,

मरिण गाउँपालिकाको कार्यालय

............................................. ।

विषयः ऋण, अनुदान नलिएको र ऋण दुरुपयोग नगरेको स्वघोषणापत्र पेश गरेको बारे ।

उपरोक्त विषयमा त्यस गाउँपालिकाको मिति ...............को राष्ट्रिय दैनिक –––– मा प्रकाशित सूचना अनुसारको मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन कार्य गर्न हाम्रो –––– ( कम्पनी वा संस्थाको नाम) /म ईच्छुक भएको हँदा सोका लागि निवेदन पेश गरेका छौं / गरेको छु। हाम्रो –––– ( कम्पनी वा संस्थाको नाम)ले /मैले यो निवेदन दर्ता गरेको मितिदेखि विगत २ बर्ष यता कुनै पनि बैंक, दातृ संस्था वा सरकारी निकायबाट रु १० लाख वा सो भन्दा बढी ऋण, अनुदान वा सो रकम बराबरको भौतिक सामग्री नलिएको र प्राप्त गरेको ऋणको दुरुपयोग पनि नगरेको हुदा यो स्वघोषणापत्र पेश गरेका छौं / गरेको छु ।

मिति :

निवेदक

निवेदकको नामः

दस्तखतः

ठेगानाः

कम्पनी वा संस्थाको नाम ठेगाना :

कम्पनी वा संस्थाको छापः

मरिण गाउँपालिका

अनुसूची –२२

राँगा, पाडा वा थारो भैंसी उपलब्ध गराउने सम्बन्धमा उत्पादक र खरीदकर्ता बीच गरिने गठबन्धन सम्बन्धी सम्झौतापत्रको नमूना

**विषयः** राँगा, पाडा वा थारो भैंसी उपलब्ध गराउने सम्बन्धमा उत्पादक र खरीदकर्ता बीच गरिएको सम्झौतापत्र ।

उपरोक्त विषयमा मरिण गाउँपालिकाको मिनीवधशाला सञ्चालन तथा व्यवस्थापन कार्य गर्ने जिम्मा –––– –––– ( कम्पनी वा संस्थाको नाम) / –––– –––– (व्यक्तिको नाम) ले पाएको हुँदा हाम्रो फार्म/गोठमा उत्पादन गरिएका वा –––– सप्लाएर्सबाट उपलब्ध भएका राँगा, पाडा वा थारो भैंसी निम्नलिखित परिमाण र दरमा नम्नलिखित स्थानमा उपलब्ध गराउन र खरीद गर्न हामी/म उत्पादनकर्ता र खरीदकर्ता राजी भएकोले सोही अनुसार उत्पादन र खरीद गर्न प्रतिवद्धता व्यक्त गरेका छौं । खरीदकर्ताले पशुको रकम हरेक १५।१५ दिनमा दिनुपर्नेछ । तसर्थ, हामी यो सम्झौतालाई पूर्ण रुपमा पालना गर्ने छौं भनी सम्झौतामा हस्ताक्षर गरी एक एक प्रति बुझि लियौं दियौं । इति सम्बत २०८ । । गते रोज शुभम् ।

क. कूल उत्पादन तथा खरीद गरिने वस्तुको विवरण
राँगाः
पाडाः
थारो भैंसीः
ख. उत्पादन बिक्री गर्ने तथा खरीद गर्ने महिना र संख्या
महिना र संख्याः
महिना र संख्याः
महिना र संख्याः
ग. डेलिभरी दिने स्थान :
घ. उत्पादनको मूल्यः
राँगाः
पाडाः
थारो भैंसीः

**विक्रेताको नामः** **विक्रेताको नामः** **साक्षीको नामः**

दस्तखतः दस्तखतः दस्तखतः
ठेगानाः ठेगानाः ठेगानाः
सप्लायर्स वा संस्थाको नाम ठेगाना : कम्पनी वा संस्थाको नाम ठेगाना :
सप्लायर्स वा संस्थाको छापः कम्पनी वा संस्थाको छापः

आज्ञाले
ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत